बचत गर्दा ध्यान दिऔं ।
**सहकारीलगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?**
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनीयताको परीक्षण गर्न नबिर्सौं । अधिक लाभको लोभमा नफसौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

Kirloskar Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ भदौ ०३ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 19 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०२

## प्रतीक दैनिकको ३६औं वार्षिकोत्सवमा विविध कार्यक्रम

# सुबोध स्मृति पत्रकारिता पुरस्कार देवकोटालाई प्रदान

प्रस, वीरगंज, २ भदौ/

प्रतीक दैनिकको ३६औं वार्षिकोत्सव






पत्रकार गोविन्द देवकोटालाई पुरस्कृत गर्दै प्रमुख अतिथि प्राडा दास र कार्यक्रममा सहभागीहरू ।







उत्कृष्ट संवाददाता राधेश्याम पटेल र उत्कृष्ट कर्मचारी मोहन दास तत्वालाई पुरस्कृत गर्दै अतिथिहरू । तस्वीर: प्रतीक

विविध कार्यक्रमको आयोजना गरी मनाइएको छ। नेपाल पत्रकार महासङ्घ, पर्साको सभाकक्षमा वार्षिकोत्सवको अवसरमा सुबोध स्मृति पत्रकारिता पुरस्कार वितरण गरियो ।

पत्रकार गोविन्द देवकोटालाई रु ५१ हजार राशिको सुबोध सिंह स्मृति पत्रकारिता पुरस्कार कार्यक्रमका प्रमुख अतिथि प्राडा वासुदेवलाल दासले प्रदान गरे ।

यसैगरी, वार्षिकोत्सवमा संवाददाता राधेश्याम पटेललाई रु १५ हजार राशिको उत्कृष्ट संवाददाता पुरस्कार र मोहन दास तत्वालाई यस वर्षको उत्कृष्ट कर्मचारी पुरस्कार रु पाँच हजार राशिको प्रदान गरिएको थियो ।

नेपाल पत्रकार महासङ्घका प्रदेश महासचिव श्याम बन्जारा र सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले पुरस्कार वितरण गरेका थिए ।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि प्राडा दासले पत्रकारिता तथ्यमा आधारित हुनुपर्ने र समाचारले जनताको विश्वसनीयता पाउनुपर्ने बताए । उनले यो कर्म बहुतै जोखिमपूर्ण भएको हुँदा यसको निर्वाह गर्न जिम्मेवारीपूर्वक लाग्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले आफू २२ वर्षअगाडि बारा जिल्लामा कार्यरत रहँदादेखि प्रतीकले बनाएको विश्वसनीयताको चर्चा गरे । उनले त्यतिखेर कम सङ्ख्यामा पत्रिकाहरू प्रकाशन हुने र अनलाइनको जमाना नभएको बेलामा प्रतीक मानिसहरूले खोजीखोजी पढ्ने गरेको बताए । उनले अहिलेसम्म यो कार्यलाई निरन्तरता दिएकोमा प्रतीक दैनिक परिवारको प्रशंसा गरे ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले प्रतीक दैनिकले निर्वाह गर्दै आएको भूमिकाको प्रशंसा गरे । उनले पत्रकार र उद्योगीबीचको सम्बन्ध प्रगाढ होस् भन्ने विषयमा आफ्नो प्रयास रहेको बताए । राज्यलाई कर तिर्ने उद्योगी र कर छल्ने उद्योगीलाई एकै तराजुमा राखेर पत्रकारहरूले मूल्याङ्कन गर्न नहुने भन्दै उनले कर छल्ने उद्योगीविरुद्ध कलम चलाउन र करको दायरामा ल्याउन आग्रह गरे ।

वार्षिकोत्सव समारोहमा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछाने, प्रदेश महासचिव बन्जारा, शाखा अध्यक्ष अनुप तिवारीले पनि प्रतीक दैनिकले आफ्नो प्रकाशन अवधिमा जनताको विश्वसनीयता जोगाइराखेको बताए । उनीहरूले सत्य, तथ्य, निष्पक्ष समाचारको लागि प्रतीक आफैंमा उदाहरणीय रहेको चर्चा गरे ।



विद्यालयका प्रअ (बायाँ)लाई पङ्खा हस्तान्तरण गर्दै प्रबन्ध सम्पादक शर्मा ।

व्यवस्थित वीरगंज अभियानका संयोजक दिलीपराज कार्कीले युवाहरूलाई हौसला प्रदान गर्ने कार्यमा पनि प्रतीकको भूमिका प्रशंसनीय रहेको बताए । केही गरौं भनी जोशका साथ अगाडि बढ्न खोज्ने युवाहरूलाई प्रतीकले हौंस्याउँदै आएको बताए ।

प्रतीक प्रकाशन समूहकी अध्यक्ष बिन्दु शर्माको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानसम्पादक जगदीशप्रसाद शर्माले स्वागत गरेका थिए भने पुरस्कृत व्यक्ति देवकोटालगायतले शुभकामना मन्तव्य दिएका थिए । कार्यक्रमको सहजीकरण सम्पादक प्रताप श्रेष्ठले गरेका थिए ।

यसैबीच ३६औं वार्षिकोत्सवको अवसरमा वीरगंज महानगरपालिका-१८ भवानीपुरस्थित नेरामावि भवानीपुरमा छवटा पङ्खा प्रदान गरिएको छ । विद्यालयमा पङ्खा अभाव भएको र गर्मीमा पठनपाठनका लागि विद्यार्थीहरूलाई समस्या हुने गरेकोले छ थान पङ्खा सहयोग गरिएको प्रबन्ध सम्पादक/व्यवस्थापक विकाश शर्माले बताए ।

# ठोरीको ठुटेखोला पुलको पूर्वपट्टिको बाटो सञ्चालन

चिरञ्जीवी सापकोटा, ठोरी, २ भदौ/

वीरगंज-ठोरी हुलाकी सडक अन्तर्गत ठोरी गाउँपालिका वडा नं २ र ३ लाई जोड्ने ठुटेखोला पुलको पूर्वपट्टिको बाटो आजबाट सञ्चालनमा आएको छ। ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठको नेतृत्वमा बहुप्रतीक्षित बाटो सञ्चालनमा ल्याएपछि ठोरीवासी अत्यन्तै हर्षित छन् ।

बिहीवार बिहानैदेखि ठोरी गाउँपालिकाका अध्यक्ष श्रेष्ठ स्वयम् उपस्थित भई बाटो सञ्चालनमा ल्याएका हुन् । उक्त बाटो सञ्चालन नभएको कारण ठोरीका नागरिक तथा ठोरी घुम्न आउने पर्यटकहरूले सास्ती भोग्नुपरेको थियो ।

उक्त क्षेत्र हुलाकी सडक निर्माण गर्ने ठेक्का पाएको कालिका/बानियाँ जेभीले विवादका कारण कार्य गर्न सकेको थिएन ।

ठुटेखोलाबाट भारतीय पक्षले सिंचाइको लागि कुलो निर्माण गरी पानी लगेको कारण भारतीय पक्षबाट बारम्बार

(बाँकी अन्तिम पातामा)



तस्वीर: प्रतीक

# कर्मचारीलाई काखापाखा हुँदैन -नगरप्रमुख सिंह

प्रस, वीरगंज, २ भदौ/

वीरगंज महानगरपालिकाका प्रमुख




तस्वीर: प्रतीक

राजेशमान सिंहले कर्मचारीलाई काखापाखा नगर्ने बताएका छन् ।

अशोककुमार बैदले आयोजना गरेको नयाँ चेतनाको उदय कार्यक्रममा उनले सबैको साथ र सहयोगबाट मात्र वीरगंजलाई व्यवस्थित बनाउन सकिने बताए । वीरगंज महानगरपालिका कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिहरूलाई तनाव व्यवस्थापनसम्बन्धी एक दिने कार्यशाला गोष्ठीमा नगरप्रमुख सिंहले मेरो कार्यकालमा कसैलाई काखा, कसैलाई पाखा हुँदैन भने। उनले कर्मचारी उत्कृष्ट भए महानगरको सेवाप्रवाह झनै व्यवस्थित हुने बताए। उनले भने, "सबै कर्मचारी मेरो परिवारका सदस्य हुनुहुन्छ, तपाईंहरूलाई कुनै समस्या परे सोझै मसँग सम्पर्क गर्नुहोस् ।"

वीरगंज महानगरपालिकाका सद्भावना दूत अशोककुमार बैदको अध्यक्षतामा भएको कार्यक्रममा समर्पण सेवा संस्था नेपालका संस्थापक सदस्यसमेत रहेका प्रेरक वक्ता रमेश शर्मा, नबिल बैंकका पूर्व कार्यकारी अधिकृत अनिल केशरी शाहले सहभागीहरूलाई तनाव व्यवस्थापन र सेवाप्रवाहमा नागरिक संवेदनशील प्रशासनको प्रवर्द्धनका विषयमा प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, उद्योगी सञ्जय खेतान, वीरगंज महानगरपालिका कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिलगायतको सहभागिता थियो ।

# जनता माविमा कक्षा ११ को अध्ययन शुरू

प्रस, सिम्रौनगढ, २ भदौ/

सिम्रौनगढ नगरपालिका-८ स्थित




तस्वीर: प्रतीक

जनता माध्यमिक विद्यालय, कचोर्वामा बिहीवारदेखि कक्षा ११ को पठनपाठन शुरू भएको छ ।

कक्षा ११ को उद्घाटन गर्दै समाजसेवी एवं नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य बतहु यादवले बताए । उनले विद्यालयहरूमा सही शिक्षाको लागि पार्टीको योग्यता होइन शैक्षिक योग्यताको खाँचो पर्ने बताए। अहिले व्यक्तिवाद, पार्टीको पहुँच, सिफरिशले नियुक्तिको होड चलेको कारण शिक्षाको गुणस्तर घटेको बताए।

उनले उत्कृष्ट नम्बर ल्याउने विद्यार्थीहरूलाई बाराको सिम्रौनगढ-८ स्थित जनता माध्यमिक विद्यालय, कचोर्वामा आजदेखि कक्षा ११ को पठनपाठन शुरू भएको छ। कक्षा ११ को उद्घाटन गर्दै समाजसेवी एव नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य बतहु यादवले विद्यालयहरूमा सही शिक्षाका लागि पार्टीको योग्यता होइन, शैक्षिक योग्यताको खाँचो पर्दछ, हाल जुन जुन परिवेशले व्यक्तिवाद, पार्टीको पहुँच, सिफारिशले नियुक्तिको होड चलेको छ, त्यसले शिक्षाको गुणस्तर घटेको बताए। उनले उत्कृष्ट विद्यार्थीलाई एउटा ल्यापटप दिने घोषणा गरे ।

प्रअ शम्भुप्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष रामदिनेशप्रसाद यादव, जङ्गबहादुर यादव, रामेश्वरप्रसाद यादव, भोजेन्द्रप्रसाद यादव, सिम्रौनगढ नगरपालिकाका लेखा अधिकृत सर्वेन्द्र चौधरी, शिक्षा संयोजक नुराजम सिद्दिकीलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा स्वागत सुजित शर्मा र सञ्चालन विद्यानन्दप्रसाद यादवले गरेका थिए ।

# कुकुरको टोकाइबाट नाबालकको मृत्यु

प्रस, परवानीपुर, २ भदौ/

कुकुरको टोकाइबाट गम्भीर घाइते भएका एकजना बालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा वीरगंज-२५ खाल्वाटोला श्रीसियाका श्रवण पटेलका साढे तीन वर्षका छोरा पियुष पटेल रहेका छन् । उनको उपचारको क्रममा बुधवार बिहान साढे ६ बजे काठमाडौंको एक निजी अस्पतालमा मृत्यु भएको परिवारजनले बताएका छन् ।

दुई साताअघि उनी गाउँमैं घरअगाडि खेलिरहेका बेला बौलाएको कुकुरले टोकेको थियो। बालकको पूरै अनुहारमा कुकुरले टोकेको थियो । उनलाई

(बाँकी अन्तिम पातामा)

### विचारसार र सूक्तिहरू

कुनै कुनै मानिस मलमजस्तो हुन्छन् केही बोलेपछि हरेक दुःख गायब हुन्छ।


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


## पालिकामा मनमुटाव


**निजगढ नगरपालिकाको तालाबन्दी करीब १५ दिनपछि खुलेको छ। प्रमुख प्रशासकीय अधिकृतको कोठामा पालिका प्रमुखले ताला लगाएपछि प्रमुख प्रशासकीय अधिकृत पक्षधर पालिका सदस्यहरूले पालिकाका प्रमुख र उपप्रमुखको कार्यकक्षमा तालाबन्दी गरेका थिए। आफूलाई असहयोग गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई मन्त्रालयले पुनः पालिकामा पठाएको भन्दै नगरप्रमुखले अधिकृतको हाजिर रोक्न ताला लगाएका थिए। कार्यकारी अधिकृतबारे मन्त्रालयले निर्णय सच्याएपछि ताला खुलेको हो। पालिकामा प्रशासन प्रमुख र पालिका सरकार प्रमुखबीच मनमुटाव भएको प्रायः सुनिन्छ। बितेको कार्यकालमा पनि पर्सा, बारालगायत कतिपय जिल्लाका पालिकाहरूमा यो समस्या देखिएको थियो। स्थानीय सरकार प्रमुख र प्रशासन प्रमुखबीच मनमुटाव रहेका पालिकाहरूको अवस्था दयनीय रह्यो। त्यस्ता पालिकाहरूका कर्मचारीले समयमा तलब पाउनसमेत सकेनन्। सामाजिक सुरक्षा भत्ताका गतिविधि र विकास निर्माण कार्यहरू प्रभावित भए। फलस्वरूप त्यसको असर स्थानीय चुनावमा देखियो।**

**सरकार प्रमुख र प्रशासन प्रमुखबचि मनमुटाव हुने विभिन्न कारणहरू छन्। मुख्य कुरा सरकार प्रमुख र प्रशासन प्रमुखका ैचारिक आस्था फरक पर्दा मनमुटाव हुने गरेको छ। पालिका प्रशासन प्रमुखको जिम्मेवारी पाउनका लागि अपवादबाहेक सिफारिश लगाउनै पर्ने हुन्छ। त्यसको निम्ति मन्त्रालय वा विभागमा पहुँच भएका पार्टी नेतृत्वले आफूनजीकका कर्मचारीलाई अवसर दिन खोज्छन्। पार्टी नेताले भन्दा ठूलो राजनीति कर्मचारी नेताहरूले गरिरहेका हुन्छन्। उनीहरूलाई आफू अनुकूल राख्नका लागि पनि पार्टी नेतृत्वले आस्था हेर्नुपर्ने बाध्यता छ। यसरी पदासीन प्रशासन प्रमुखले आफ्नो सिद्धान्तविपरीतका सरकार प्रमुखलाई अन्तर्मनबाट सहयोग गर्दैनन्। उता सरकार प्रमुखलाई पनि मनको बाघले खाइरहेको हुन्छ। यो अवस्थामा सानै घटनाबाट पनि मनमुटाव सिर्जना हुन्छ। मनमुटावको अर्को कारण हो– कमिशन, पालिकामा सामग्री खरीददेखि विकास निर्माणका ठेक्का पट्टामा समेत कमिशनको खेल हुन्छ। कतिपय पालिकामा त योभन्दा तल झरेर कर्मचारी नियुक्ति, सरुवा, जिम्मेवारी हेरफेर, उपभोक्ता समिति गठनलगायतका कामहरूमा पनि लेनदेन चलेको पाइएको छ। कमिशनको जति चलखेल हुन्छ, पदाधिकारीहरूबीच मनमुटाव त्यत्ति नै बढ्छ। कमिशनको भागबन्डाबाट मनमुटाव शुरू हुने हो। पालिका प्रमुख र प्रशासन प्रमुखबीच मनमुटावका अन्य सहायक कारणहरू धेरै छन्।**

**भनिन्छ, 'मन्त्री सफल हुने र असफल हुने भूमिका सचिवको हातमा हुन्छ।' त्यसैगरी, स्थानीय सरकार प्रमुख सफल वा असफलताको मुख्य भूमिका प्रमुख प्रशासकीय अधिकृत/कार्यकारी अधिकृत हुन्छन्। सरुवा भइआएका कर्मचारीलाई हाजिर गराउने वा सहमति दिने अधिकार पालिका प्रमुखलाई हुन्छ। तर पालिका कर्मचारीको फाँटसमेत परिवर्तनसम्म गर्न सक्ने अधिकार पालिका प्रमुखलाई छैन। जनमत पाएर आएका सरकार प्रमुखले आफूलाई सर्वेसर्वा ठानिरहेका हुन्छन् भने पालिका हाँक्न आवश्यक नियम कानून अध्ययन गरेर बसेका प्रशासन प्रमुखले हरेक पाइलामा कानूनी अडचन देखाइदिन सक्छ। यसर्थ विभाग वा मन्त्रालयले पनि सकभर मनमुटावपूर्ण अवस्थाका पालिकाहरूमा के गर्दा जनहितमा हुन्छ, त्यसै गर्दा विवेक प्रयोग गर्न सक्नुपर्छ।**

# राष्ट्रपतिको निष्पक्षतामा सन्देह

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**नागरिकतासम्बन्धी प्रस्तावित संशोधन विधेयक साँच्चै राष्ट्रहित विरोधी हो भने त्यसको पहिलो कल्पनाकार एमालेका नेता र तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओली हुन् र तिनले नेतृत्व गरेको पार्टी पहिलो राष्ट्रविरोधी पार्टी हो। अरू त तिनकै पदचिह्नमा हिंडेकाले राष्ट्रघातका पिछलग्गु मात्रै हुन्।**

संसद्को दुवै सदनबाट पारित नागरिकतासम्बन्धी विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीबाट पुनर्विचारका लागि सङ्घीय संसद्मैं फिर्ता पठाउने काम भएको छ। विधेयक फिर्ता गर्ने राष्ट्रपतिको कदमको पक्ष र विपक्षमा मत विभाजित देखिन्छ। सत्तारुढ गठबन्धन र प्रतिपक्षमा रहेका महन्थ ठाकुर तथा हृदयेश त्रिपाठीको पार्टीले खुलेरै राष्ट्रपतिको यस कदमप्रति असन्तुष्टि जनाएको छ भने प्रमुख प्रतिपक्षी नेकपा एमालेले भने यसको स्वागत गरेको छ। नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली प्रधानमन्त्री रहेका बेला गत वर्ष उनको सरकारले यसै विधेयकलाई अध्यादेशमार्फत ल्याउँदा राष्ट्रपतिले विनातर–परन्तु स्वीकृति प्रदान गरेकी थिइन्, जबकि यसपालि संसद्को दुवै सदनबाट बहुमतले पारित विधेयकलाई राष्ट्रपतिले स्वीकृति प्रदान गर्नुको सट्टा संसद्मैं फिर्ता पठाउने निर्णयलाई सन्देहका साथ हेरिंदै छ। राष्ट्रपतिको पुरानो राजनीतिक पृष्ठभूमि नेकपा एमाले रहेको र एमालेको सरकारका पालामा प्रत्येक अध्यादेश सजिलै स्वीकृति प्रदान गर्ने राष्ट्रपतिले गैरनेकपा एमाले नेतृत्वको सरकार अस्तित्वमा हुँदा भरसक त्यति सहजता महसूस गर्दिनन्। उनी पटक–पटक आलोचित हुनु र राष्ट्रपतिमाथि महाअभियोग लगाउने विषय पनि चर्को चर्चामा आउनुको मुख्य कारण उनको निष्पक्षतामाथि सन्देह हुनु हो। सत्ताधारी गठबन्धनले फेरि पनि यस विधेयकलाई जस्ताको त्यस्तै राष्ट्रपति समक्ष पठाउने निर्णय गरेको छ। दोस्रोपटक राष्ट्रपतिले स्वीकृति प्रदान गर्नुपर्नेछ। राष्ट्रपति कार्यालयजस्तो सम्मानित संस्था भरसक विवादको विषय बन्नबाट जोगिनुपर्दछ। हाम्रो देशमा संसद्को सर्वोच्चता छ र जननिर्वाचित संसद्ले गरेको निर्णय स्वीकार्य हुनुपर्छ, त्यस्तो भएन भने लोकतन्त्रका विभिन्न स्तम्भ एकअर्कासित द्वन्द्वमा अल्झिने सम्भावना उत्पन्न हुन सक्छ। राष्ट्रपतिको यो कदम विवादरहित देखिएन।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा आफ्ना गलत सल्लाहकारहरूका कारण दिन प्रतिदिन अहङ्कारले ग्रसित हुँदै गएका छन्। उनले देशको नेतृत्व गर्दा नेपालको परराष्ट्र सम्बन्ध विश्वका कुनै पनि देशसित राम्रो थिएन। उनले नेतृत्व गरेको आफ्नो दललाई पनि एकजुट राख्न सकेनन्। विगत एक वर्ष यता तराई मधेसका क्षेत्रमा नेकपा एमालेप्रति अप्रत्याशित आकर्षण बढेको थियो। मधेसी दलका नेताहरूको स्वार्थ केन्द्रित राजनीतिका कारण मधेसी दलका नेता र कार्यकर्ता नेकपा एमालेतिर आकर्षित भइरहेका थिए। तर नेकपा एमालेका नेताहरूको भनाइ र गराइका विषमताका कारण अब यसमा विराम लाग्नेछ। अङ्गीकृत नागरिकताप्रति मधेसी दलका नेता र जनताको पनि खासै आकर्षण छैन, तर वैवाहिक अङ्गीकृत नागरिकताको असर प्रत्येक व्यक्तिको जीवनसित सम्बन्धित विषय हो। मधेसका ७५ प्रतिशत घरपरिवारमा एक न एकजना वैवाहिक अङ्गीकृत नागरिक छन्। मधेसीहरू भारतमा आफ्नो धर्म, संस्कृति, संस्कार र जातीयबाहुल्य भएका कारण वैवाहिक सबन्ध गर्न रुचाउँछन्। कसैकी पत्नी, कसैकी आमा, कसैकी हजुरआमा भारतबाट नेपाल आएका छन्। त्यसैगरी कसैकी छोरी, दिदी त फुपूको विवाह भारतमा भएको छ। वैवाहिक अङ्गीकृत नागरिकताको प्रावधान कठोर हुनेबित्तिकै यो सम्बन्ध सधैंको निम्ति समाप्त भएर जानेछ। माओवादीको एक दशक लामो सशस्त्र सङ्घर्षका कारण उत्पन्न असुरक्षाको भावना, राजनीतिक अस्थिरता र नेपालका कतिपय राजनीतिक दलहरूको भारत विरोधी राजनीतिका कारण अब सीमावर्ती भारतीयहरू उसै पनि नेपालमा चेलीबेटी बिहे गर्न रुचाउँदैनन्। कोरोनाकालमा लगाइएको नाकाबन्दीले पनि असर पारेकै थियो। नेपालमा बढ्दो बेरोजगार, गरीबी र अनिनिश्चत भविष्यका कारण अब सीमावर्ती भारतीयहरू नेपालमा न आफ्नो छोरा, न छोरीकै बिहे गर्न रुचाउँछन्। काठमाडौं र पहाडकै क्षेत्रमा सम्पूर्ण जीवन बिताउनेहरू सीमावर्ती क्षेत्रका जनताबीचको सम्बन्धको महत्त्व बुझ्न सक्दैनन्।

नेकपा एमाले खुलेरै मधेसी जनताको विपक्षमा उभिनुको एउटा प्रमुख कारण पाँच दलीय गठबन्धनका कारण तराई मधेसको क्षेत्रमा मत पाउने झिनो सम्भावनाले गर्दा पहाडी क्षेत्रका मतदातालाई असुरक्षाको भय देखाउन थालेको छ। यस विधेयकको विरोध गरेर पहाडी क्षेत्रमा आफ्नो भोट बैंक बढाउने भित्री योजना एमालेको हुन सक्छ तर तराई–मधेसबाट सफाया हुन पनि बेर लाग्ने छैन। नेकपा एमालेका नेता, कार्यकर्ता, बुद्धिजीवी र सहयोगीहरूकै निरन्तर दबाबका कारण राष्ट्रपतिले यो विधेयक फिर्ता गरेको हुन सक्ने चर्चा व्यापक छ। अपेक्षाकृत राम्रो विकल्प ठानेर नेकपा एमालेमा प्रवेश गरेका मधेसवादीहरू पश्चात्ताप गर्न थालेका छन्। तराई–मधेस फेरि पनि एमालेको निम्ति चुनावी सफलताको हिसाबले मरुभूमि साबित हुने अवस्था आउन सक्दछ।

हुन त राष्ट्रपतिको यो कदम नेपालको संविधान २०७२ ले प्रदान गरेको अधिकार अन्तर्गत नै पर्दछ, तर विगत १६ वर्षदेखि नागरिकताविहीन रहेका बालिग नागरिकलाई नागरिकता प्रदान गर्न सर्वोच्च अदालतले नै पटकपटक आदेश गरेको कारण अङ्गीकृत नागरिकका सन्तानलाई नागरिकता दिने विधेयक ल्याइएको हो। वि.सं. २००९ सालदेखि नै वैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्धमा कायम प्रावधानमा सात वर्षको म्याद थप्न लगाउनु चुनावी नारा मात्र हो। यसको सान्दर्भिकता, महत्त्व र पृष्ठभूमिको मनोगत र हलुको विश्लेषण गर्ने काम भइरहेको छ। नेपालमा समस्या खडा गरेर समाधान गर्ने बेला कुलेलम ठोक्ने गैरजिम्मेवार र फटाहा शैलीको राजनीतिले देशलाई धेरै क्षति पुर्‍याएको छ। राष्ट्रियताको क्रूर र नकारात्मक राष्ट्रवादले देशलाई बर्बाद नै गरेर छाड्यो, उनीहरू त देश छाडेर भागे, जनता भोग्दैछ।

हुन त वैवाहिक अङ्गीकृत नागरिकताको विषय कुनै मुलुक केन्द्रित छैन। तर यहाँ भने त्यसरी विवाह गरी आउने भारतीय महिलाले पाउने नागरिकतालाई लिएर कोलाहल मचेको हो। यदि यो प्रावधान राखियो भने विदेशी महिला नेपालमा बिहे गरेर आउँदैनन् र तिनबाट जन्मेका सन्तानले वंशजको नागरिकता पाउँछन् र नेपालीभाषी अल्पमतमा पर्न सक्छन् भन्ने भ्रम फैलाइँदै छ। फ्रान्स, अमेरिका, सिङ्गापुर, दक्षिण कोरिया, डेनमार्क, जापान, अस्ट्रेलिया, न्युजिल्यान्ड, साउदी अरब, कुवेत र कतारका महिलाले कुनै नेपाली केटासित विवाह गर्ने कुरै भएन। प्रस्टरूपमा यो भारत केन्द्रित नै हो। मधेसीहरू आफ्नो धर्म, संस्कृति, जातीय पहिचान र संस्कारको रक्षाका लागि भारतमा विवाह गर्ने गर्दछन्। यो वैवाहिक सम्बन्ध सीतारामको पालादेखि राजा त्रिभुवन र आधुनिक पुस्ताका पूर्व युवराज पारस शाहसम्म कायम रहिआएको छ। विगत ७० वर्षदेखि यो वैवाहिक सम्बन्ध कायम रहिआएको छ। आजसम्म कुनै वैवाहिक अङ्गीकृत महिलाका सन्तानले राष्ट्रघात गरेको कुनै उदाहरण छैन।

नेपालमा सर्वप्रथम जारी नागरिकता ऐन २००९ मा पनि यो प्रावधान राखिएको थियो। तीस वर्षे पञ्चायती शासनमा पनि २०३२–०३७ को सङ्क्षिप्त अवधिका लागि मात्र पाँच वर्षको समयसीमा राखिए पनि जनमत सङ्ग्रहपश्चात् संशोधित गरेर समयसीमा हटाइयो। नेपाली नागरिकसित विवाह गरेकी भारतीय महिलाले आवश्यकता महसूस भएको बेला गाविस कार्यालयको अध्यक्षको सिफारिश र आफ्नो माइती देशको नागरिकता परित्याग गरेको सूचनाको प्रमाण जिल्ला प्रशासन कार्यालयमा बुझाएपछि बाँकी प्रक्रिया पूरा गर्दै वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्दै आएका छन्।

पहिलो जनान्दोलनपछि जारी नेपाल अधिराज्यको संविधान २०४७ ले पनि वैवाहिक अङ्गीकृत नागरिकताका हकमा पुरानै प्रावधानलाई निरन्तरता दियो। जहाँसम्म २०६२–०६३ को जनान्दोलनपछि जारी नागरिकता ऐनको प्रावधान किन फेरिएन भन्ने विषयसित जोडिएको छ। अङ्गीकृत नागरिकलाई नागरिकता दिने विषयमा नेपाली काङ्ग्रेस, एमाले, माओवादी केन्द्र, जनमोर्चा, नेमकिपा, नेकपा माले र नेसपा (आ) पनि एकमत थिए।

ओली सरकारले संसद्मा प्रस्तुत गरेको विधेयकमा वैवाहिक अङ्गीकृत नागरिकता विषयमा पुरानै व्यवस्थालाई निरन्तरता दिइएको थियो र जन्मसिद्धका सन्तानले वंशजकै आधारमा नागरिकता पाउने प्रावधान समेटिएको थियो। तर जब विधेयक समितिमा गयो, त्यहाँ विदेशी महिलाले पाउने अङ्गीकृत नागरिकतामा झमेला प्रारम्भ भयो। भारतमा त्यस्ताले सात वर्षपछि मात्र नागरिकता पाउँछन् भने हामीले किन तुरुन्तै दिने भन्ने तर्क गर्न थालियो। स्वयं सरकार प्रमुख नै 'नागरिकता जन्मोत्सवमा बाँडिने चकलेट हो र' भन्न थाले। सिन्दुरसँग नागरिकता साट्ने ? उता सिउँदोमा सिन्दुर पर्न पाएको छैन, यता नागरिकता दिइहाल्नुपर्ने ? जस्ता तर्क स्वयं तत्कालीन नेकपाका सांसदहरूले गर्न थाले। यसले संसद्भित्रको कानून निर्माण प्रक्रिया संसदीय समितिमा पुगेर सात वर्षे प्रावधानमा अड्कियो र भाँडियो नै। साथमा समर्थक र कार्यकर्ताबीच पनि प्रस्तावित प्रावधानप्रति नकारात्मक धारणा बनाउने काम भइरह्यो। यसलाई राष्ट्रवादसित जोड्ने काम भयो तर ओलीको त्यो राष्ट्रवाद पनि लामो समयसम्म टिक्न सकेन। जब प्रतिनिधिसभा विघटन गरेर आफ्नो पक्ष अल्पमतमा पुगेको अनुभूति ओलीलाई हुन थाल्यो अनि राजेन्द्र महतो र महन्थ ठाकुरको समर्थन लिन नागरिकतामा समयसीमा नराखी तत्काल लिनदिन मिल्ने प्रावधान राखे। नागरिकतासम्बन्धी विधेयक संसद्मा जिउँदै रहेका कारण अदालतले अध्यादेश रोकिदियो तर राष्ट्रपतिले भने आफ्नो स्वीकृति प्रदान गरिसकेकी थिइन्। अहिले राष्ट्रपतिले विधेयक फिर्ता गर्नुका जुन कारणहरू देखाएकी छन् त्यसको बुँदा ४ तिर त्यतिबेला उनको ध्यान किन गएन जब विनाविलम्ब उनले अध्यादेश स्वीकृत गरेकी थिइन्।

अहिले देउवा नेतृत्वको गठबन्धन सरकारले कुनै नयाँ विधेयक ल्याएको होइन, ओली सरकारले नै संसद्मा प्रस्तुत गरेको र पछि अध्यादेशमार्फत जारी गरेको संशोधन प्रस्तावको छाया छवि हो। त्यसैले नागरिकतासम्बन्धी प्रस्तावित संशोधन विधेयक साँच्चै राष्ट्रहित विरोधी हो भने त्यसको पहिलो कल्पनाकार एमालेका नेता र तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओली हुन् र तिनले नेतृत्व गरेको पार्टी पहिलो राष्ट्रविरोधी पार्टी हो। अरू त तिनकै पदचिह्नमा हिंडेकाले राष्ट्रघातका पिछलग्गु मात्रै हुन्। वैवाहिक अङ्गीकृत नागरिकताको प्रावधानलाई जुन निरन्तरता दिइएको छ त्यो प्रमाण आधारित प्रावधान नै हो, विगत ७० वर्षदेखि निरन्तर प्रचलनमा आएको यस प्रावधानले अहिलेसम्म राष्ट्रघात गरेको उदाहरण छैन भने अब किन र कसरी होला ? हाम्रो देशमा दुष्प्रचार गरिएजस्तो नेपालीसित विवाह गर्ने भारतीय महिलाको पहिलो काम नागरिकता लिनु मात्रै होइन।

भारतमा बिहे गरेकी नेपाली चेलीले नेपालमा जस्तै आवश्यकता अनुसार राशनकार्ड, मतदाता परिचयपत्र र आधारकार्ड लिंदै आएका छन्। त्यहाँ नागरिकताको प्रावधान छैन। भारतमा नेपाली र भूटानीसित विदेशी ठानेर व्यवहार हुँदैन। नेपालजस्तो भारतमा नागरिकता सबैको निम्ति अनिवार्य छैन। भारतमा अथवा विदेशमा लागू भएका कठोर कानूनतिर हाम्रो आँखा चाँडै केन्द्रित हुन्छ तर सरल र सहज कानूनतिर जाँदैन। नेपालमा अहिलेसम्म वितरण गरिएको दुई करोड २२ लाख नागरिकतामध्ये ४ लाख १२ हजारले वैवाहिक अङ्गीकृतको नागरिकता लिएका छन्। कुल वितरित नागरिकताको दुई प्रतिशत महिलाबाट ९८ प्रतिशतले आफूलाई असुरक्षित ठान्नु बुझिनसक्नु छ, जबकि ती महिलाको भूमिका पनि लोग्नेको इच्छा अनुसार नै सन्तान जन्माउनुरहेको हुन्छ।

## पोखरिया अस्पतालको अनुगमन

प्रस, पोखरिया, २ भदौ/

पोखरिया नगरपालिकाका उपप्रमुख रूबी ठाकुरले बिहीवार पोखरिया अस्पतालको निरीक्षण गरेकी छन्।

निरीक्षण गर्ने क्रममा अस्पताल प्रशासनले विद्युत् महसूल सात लाख बाँकी रहेको, विद्युत् भोल्टेजको कमी, पङ्खाको अभाव, क्वार्टर तथा प्रसूति कक्षमा च्यानल गेट निर्माण गर्नुपर्ने, अस्पताल व्यवस्थापन विकास समिति बनाउनुपर्ने, औषधिको अभावलगायतबारे उपप्रमुख ठाकुरको ध्यानाकर्षण गराएको थियो।





उपप्रमुख ठाकुरले अस्पतालको समस्या यथाशीघ्र समाधान गर्ने आश्वासन दिइन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८



## अर्थ - उद्योग - वाणिज्य



# मन्त्री खड्काको चीन भ्रमणको आर्थिक महत्त्व

अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com

> **विभिन्न राष्ट्र पुगेर नेपालले आर्थिक सहयोगको याचना गर्नुको साटो आफ्नै आर्थिक क्षमता अभिवृद्धि गर्नुपर्छ । आफ्नै स्रोत र साधन परिचालन गर्नेतिर लाग्नुपर्छ । यी कुरालाई ध्यानमा राखेर नै हामीले चीन भ्रमण कति सफल भयो भन्ने कुरा उद्घोष गर्नु व्यावहारिक हुनेछ ।**

नेपालका परराष्ट्रमन्त्री नारायण खड्काले हालै चीनको तीन दिने भ्रमण सम्पन्न गरेका छन् । खड्काको तीन दिने (साउन २४ देखि २६ गते २०७९) चीन भ्रमण उच्चस्तरीय र औपचारिक रहेको समाचारहरूमा उल्लेख गरिएको थियो । चीनका परराष्ट्रमन्त्री वाङ यीको निमन्त्रणमा मन्त्री खड्काको नेतृत्वमा चीन पुगेको नेपाली प्रतिनिधिमण्डलको चीन भ्रमणको प्रमुख उद्देश्य के थियो भन्ने प्रस्टरूपमा पर्दा अगाडि आएन। पर्दा पछाडि के उद्देश्य थियो भनी अनुमान चाहिं लगाउन सकिन्छ। वर्तमान सरकारमा रहेका र खासगरी तीन दलहरू– नेका, नेकपा समाजवादी र नेकपा माओवादी केन्द्र, अमेरिका र भारतको ज्यादै नजीक भएर चीनभन्दा टाढा हुन खोजेको होइन । हामी (दल) हरूलाई अमेरिका र भारतको सहयोग जति आवश्यक छ त्यतिकै आवश्यक चीनको सहयोग पनि रहेको छ । यही सन्देश चिनियाँ सरकारलाई दिनका लागि खड्काको चीनको भ्रमण भएको हुनुपर्छ। यसबाहेक चुनावी सरकारको मन्त्रीले यो समयमा चीनको भ्रमण गर्नुको कुनै ठूलो आर्थिक एवं राजनीतिक उद्देश्य हुन सक्तैन।

नेपालको कुनै पनि प्रमुख दल अहिले चीनलाई रुष्ट पार्ने मनसायमा छैन, त्यस्तो क्षमता पनि छैन। उल्टो, कुनै बेला भारत परस्त भनिएको नेका पनि अहिले चीनसँग नजीकिने क्रममा छ । मन्त्री खड्काले आफ्नो यो तीन दिने चीन भ्रमण फलदायी भएको भन्नुले यस कुराको पुष्टि गर्छ ।

नेपालले एमसिसी स्वीकृत गर्दा चीन नेपालको परराष्ट्र नीति र खासगरी सरकारमा रहेका वर्तमान दलहरूको व्यवहारबाट झस्केको थियो, र त्यो स्थिति अहिले पनि छ। एमसिसी नेपालले स्वीकृत नगरोस् भनी चीनले ठूलो प्रयास नगरेको पनि होइन । एमसिसीविरुद्ध काठमाडौंका सडकहरूमा भएका विभिन्न किसिमका प्रदर्शन गराउन नेपालस्थित चिनियाँ दूतावासको हात रहेको भन्नेहरूको सङ्ख्या पनि उल्लेख्य छ ।

अब विषयवस्तुमा प्रवेश गरौं । नेपालको प्रधानमन्त्री वा मन्त्री भारत अथवा चीनको औपचारिक भ्रमणमा पुग्दा ती देशका सरकारहरूले नेपाललाई विभिन्न किसिमका आर्थिक सहयोग दिने घोषणा गर्ने परम्परातिर अब जाऔं । अनेक किसिमका सहयोग हामी नेपाललाई गर्छौं भनी ती राष्ट्रहरूले उल्लेख गर्नुलाई म चलिआएको परम्पराको रूपमा मान्दछु। यो एउटा यस्तो परम्परा हो, जुन ती देश (भारत र चीन) ले नेपाललाई आफ्नो सुरक्षा छाताभित्र राख्न निर्वाह गरेका हुन्छन् ।

एउटा गरीब देशलाई अर्को देश (तुलनात्मकरूपमा धनी) ले आर्थिक सहयोग गरेर त्यो देश धनी भएको उदाहरण विश्वमा कतै पनि छैन । कुनै पनि देशले आफ्नो आर्थिक विकास स्वयं आफ्नो बलबूताले गर्ने हो, अरूले सहयोग गरेर हुने होइन। कुनै पनि देशको आर्थिक विकासको कर्ता (Actor) स्वयं त्यस देशका नागरिक हुन्, सरकार पनि होइन। सरकार केवल माध्यम हो। अर्को देशले सहयोग गरेर कुनै देशको आर्थिक विकास हुने भए श्रीलङ्का, लेबनान आदिको आर्थिक स्थिति त्यस्तो हुने थिएन। श्रीलङ्का, उत्तर कोरिया, म्यान्माजस्ता देशहरूलाई चीनले ठूलो आर्थिक सहयोग गर्दै आएको छ । ती देशहरूको आर्थिक स्थिति कस्तो छ सबैलाई ज्ञात भएकै कुरा हो ।

आर्थिक सहयोग घोषणा गर्ने परम्परा निर्वाह गर्दै नेपाललाई चीनले के कस्ता क्षेत्रमा कुन किसिमको सहयोग गर्ने भनी घोषणा गर्‍यो, त्यसबारे पनि चर्चा गरौं। चीनले नेपाललाई १५ अर्ब रुपियाँ अनुदान सहयोग गर्ने घोषणा गरेको छ। स्मरण रहोस्, अनुदान ऋण होइन र यो प्राप्तकर्ता देशले फिर्ता गर्नु पनि पर्दैन । यसैगरी चीनको अनुदान सहयोगमा केरुङ–काठमाडौं रेलमार्गको सम्भावना अध्ययन आरम्भ हुने भएको छ । नेपाललाई चीनले रासायनिक मल उपलब्ध गराउने सहमति पनि भएको छ। साथै चीनले नेपालमा रासायनिक मल उत्पादन गर्न उद्योग स्थापनाका लागि सहयोग पुर्‍याउने सहमति पनि भएको छ। चीनले आगामी सेप्टेम्बरदेखि ९८ प्रतिशत वस्तुमा शून्य महसूल दर कायम गर्नेछ। अर्थात् नेपालबाट चीनतर्फ निर्यात हुने लगभग सम्पूर्ण वस्तुमा चीनले अब भंसार महसूल लगाउने छैन।

यो लेखको मुख्य उद्देश्यतिर लागौं। नेपालले आफ्नो उद्योग क्षमता वृद्धि नगरेसम्म चीनले जे जति व्यापारिक सुविधा दिए पनि त्यसको कुनै अर्थ रहँदैन। नेपालले आफ्नो उद्योग क्षमता वृद्धि गरेर चीनतर्फको निर्यातमा वृद्धि नगरेसम्म नेपाल–चीन सुमधुर आर्थिक सम्बन्धको नेपालले फाइदा लिन सक्तैन । आफ्नो औद्योगिक क्षमता वृद्धि नगरेर, चीनमा निर्यात परिमाण वृद्धि नगरेर, चीनसँग सम्बन्ध सुमधुर पार्नु केवल नेपालका नेताहरूको हितमा हुनेछ। यस्तो कार्यबाट नेपालका नेताहरूले फाइदा पाउन सक्छन्, देशले कुनै पनि किसिमको फाइदा पाउन सक्तैन। चीनसँग नेपालको सम्बन्ध सुमधुर पारेर नेपालका नेताहरूले के कस्ता फाइदा पाइरहेका छन् त्यो तथ्य जगजाहेर छ ।

वर्तमान स्थितिमा हेर्ने हो भने पनि नेपाल–चीन व्यापारिक सम्बन्धको फाइदा नेपालभन्दा बढी चीनलाई छ। नेपालका प्रमुख मात्र होइन, सामान्य बजार पनि चिनियाँ सामानले भरिएको देखिन्छ। नेपाली बजारमा अहिले एक नम्बरमा भारतीय वस्तुको आधिपत्य छ भने दुई नम्बरमा चिनियाँ वस्तुको ।

नेपालको उद्योग क्षमता अहिले अकल्पनीय किसिमले ओरालो लागेको छ। चिनी, चामल, तेल, दाल, तरकारी, फलफूल, मासु, साबुनजस्ता आधारभूत आवश्यकताका वस्तुका लागि पनि हामी भारतमाथि पूर्ण निर्भर छौं। अटोमोबाइल (कार, बस, ट्रक, मोटरसाइकल आदि) को लागि त हामी भारतको भरपर्दो मात्र होइन, उच्च लाभदायक बजार बन्न पुगेका छौं। हामीलाई लज्जाबोध हुनुपर्ने हो कि हामीले यति ठूलो अटोमोबाइल बजार भारतलाई सुम्पेका छौं। भारतसँग संयुक्त लगानीमा हामीले नेपालभित्रै बस, ट्रक, कार, मोटरसाइकल एसेम्बलसम्म पनि गर्न सक्छौं, पार्टपुर्जा, चेसिस आदि नेपालभित्र उत्पादन गर्न नसके पनि । त्यो पनि गर्न सकेका छैनौं । एसेम्बल मात्र गरेर हामीले नेपाली श्रमको प्रयोग नेपालमैं गरेर रोजगार सृजना गर्न सक्छौं। स्मरण रहोस्, प्रत्येक वर्ष हामीले भारतबाट ट्रक, बस, कार, मोटरसाइकल गरेर लाखौं सवारीका साधन खरीद गर्छौं। अफसोच ! यति लाभदायक अटोमोबबइल बजारको हामीले हाम्रो देशभित्र उपयोग गर्न सकेका छैनौं। पूर्ण उत्पादन गर्न नसके पनि कम्तिमा एसेम्बल त गरौं ।

पुनः मुख्य विषयतिर फर्कौं । आफ्नो देशको आर्थिक विकास आफैंले गर्ने हो। अरू देशले गरिदिन्छ भनेर आस गर्नु र विभिन्न देशहरूबाट आर्थिक सहयोगको अपेक्षा गर्नु भनेको विकासको बाटोमा उल्टो हिंड्नु हो। त्यसकारण चीन भ्रमण सफल भयो भन्नुको कुनै अर्थ छैन, नेपालको औद्योगिक स्थिति ओरालो लागेको यो दुःखद स्थितिमा । नेपालले आफ्नो औद्योगिक क्षमताको उपयोग गर्न नसकेको स्थितिमा।

नेपालको औद्योगिक क्षमता वृद्धि गर्ने सन्दर्भमा हामीले त्यस्ता वस्तुहरू नेपालमा उत्पादन गर्ने सङ्कल्प गर्नुपर्छ जुन वस्तु हामी भारतबाट ठूलो परिमाण वा सङ्ख्यामा आयात गरिरहेका छौं। अर्थात् त्यस्ता उद्योग नेपालमा स्थापना गर्नुपर्छ जसले ठूलो परिमाण र सङ्ख्यामा भारतबाट आयात गरिने वस्तु विस्थापित गरोस् ।

चीनको संयुक्त लगानीमा हामीले नेपालमा अटोमोबाइल उद्योग स्थापना गर्न सक्छौं। यसैगरी कृषि क्षेत्रको क्षमता अभिवृद्धि गर्न चिनियाँ लगानीकर्ताहरूलाई आकर्षित गर्न सक्छौं ।

खासमा भन्ने हो भने नेपालमा बाह्य पूँजी आवश्यक पनि छैन, यदि नेपालले विदेशमा रहेका नेपालीहरूको बचतलाई उपयोग गर्न सक्ने हो भने । नेताहरूको स्वार्थी र सङ्कीर्ण व्यवहारले उत्पन्न ढुलमुले आर्थिक नीतिले गर्दा विदेशमा बसेका नेपालीहरूले आफ्नो बचत निर्धक्क भएर नेपालमा लगानी गर्न सकेका छैनन्। विदेशमा बसेका नेपालीहरूले बरु अन्य राष्ट्रमा लगानी गरेका छन्, नेपालको ढुलमुले आर्थिक नीतिले गर्दा आफ्नै मातृभूमिमा उपयोग गर्न सकेका छैनन्। मातृभूमि कसलाई प्यारो हुँदैन ? आफ्नो मातृभूमिको विकास नहोस् भनेर कसले चाहन्छ र ? तर स्वदेशमा लगानी गर्ने वातावरण नै नभएपछि के गर्ने ?

अव निष्कर्षतिर लागौं । विभिन्न राष्ट्र पुगेर नेपालले आर्थिक सहयोगको याचना गर्नुको साटो आफ्नै आर्थिक क्षमता अभिवृद्धि गर्नुपर्छ। आफ्नै स्रोत र साधन परिचालन गर्नेतिर लाग्नुपर्छ। यी कुरालाई ध्यानमा राखेर नै हामीले चीन भ्रमण कति सफल भयो भन्ने कुरा उद्घोष गर्नु व्यावहारिक हुनेछ ।

# योजनाभित्रै एक भागको रकम अर्कोमा खर्च गर्न झन्झट

काठमाडौं, २ भदौ/रासस

मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) प्रणालीका कारण कुनै पनि सडक वा पुलको एउटा भाग निर्माणको रकम अर्को भागमा खर्च गर्नसमेत प्रक्रियागत झन्झट रहेको छ ।

सरकारले दुई वर्ष पहिले बजेटमा उल्लेख भए अनुसार मात्रै कार्यक्रममा खर्च गर्न सो प्रणाली शुरू गरेको थियो। सो प्रणालीले गर्दा पुलको माथिल्लो भागको रकम जगमा खर्च गर्दासमेत लामो प्रक्रिया लाग्ने गरेको सडक विभागले जनाएको छ । एउटै योजनाको रकम आवश्यकता अनुसार खर्च गर्न नपाउँदा योजना कार्यालयले रकमान्तर गर्नुपर्ने सडक विभागका महानिर्देशक अर्जुनजङ्ग थापाले जानकारी दिए ।

योजना कार्यालयले क्षेत्रीय कार्यालय, सडक विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय हुँदै अर्थ मन्त्रालयसम्म पुग्नुपरेको उनले बताए । प्रणालीका कारणले समयमैं रकम भुक्तानी हुन नसकेको उनले बताए। माघ वा पुसदेखि नै रकमान्तरका लागि प्रक्रिया थाल्दा असारसम्म मात्रै हुने अवस्था छ । महानिर्देशक थापाले भने, “त्यसमा आमूल परिवर्तन नगरेसम्म यो वर्ष पनि भुक्तानी समयमा गर्न नसकिने अवस्था छ ।”

पुलको जग, माथिल्लो भाग, पहुँच सडकलगायत गरी छ/सात किसिमका भाग हुन्छन् । एउटै पुलमा एउटा संरचनाका लागि छुट्याइएको पैसा अर्को भागमा खर्च गर्नसमेत अर्थ मन्त्रालय नै पुग्नुपर्ने अवस्था रहेको उनले बताए । एउटै योजनामा सिलिङभित्र रहेर खर्च गर्न भौतिक मन्त्रालयलाई अधिकार दिंदा समस्या नहुने उनको भनाइ छ ।

अहिले सबै कुरा अर्थ मन्त्रालय र अर्थमन्त्रीसम्म पुगेर परिवर्तन गर्नुपर्ने हुँदा त्यसको परिमार्जन गर्नुपर्ने उनको भनाइ छ। उनले भने, “नयाँ सफ्टवेयर ल्याएर प्रयोग गर्दा झन् अप्ठ्यारो भयो ।” एउटै संरचनाको एउटा भागबाट अर्को भाग बनाउन खर्च गर्दा कार्यक्रम संशोधन नभएर अहिले रकमान्तर गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम संशोधनभन्दा रकमान्तर गरेकोभन्दा सन्देश फरक जाने उनले बताए ।

गत आवमा झन्डै १० प्रतिशत रकमान्तर र २५ प्रतिशत कार्यक्रम संशोधन भएपनि सबै रकमान्तर नै गर्नुपरेको विभागले जनाएको छ। एउटै योजनाको रकममा रकमान्तर गर्नुपर्ने व्यवस्था परिवर्तनका लागि विभागले पटक–पटक अर्थ मन्त्रालयलाई भन्दै आएको छ । मन्त्रालय सकारात्मक भएकाले अर्थ मन्त्रालय र विभागसँगै बसेर छलफल गरेर सफ्टवेयर सुधार्न लाग्ने उनले बताए ।

माघ वा फागुनमा बिल तयार भएपनि रकमान्तर गर्नुपर्दा भुक्तानी गर्न असार लाग्ने अवस्था छ । दार्चुला वा ताप्लेजुङबाट पनि त्यही कामका लागि चार/पाँच तह हुँदै अर्थ मन्त्रालय आइपुग्नुपर्ने अवस्था छ । उनले भने, “लामो प्रक्रियाका कारण माघमा उठेको फाइल पनि जेठको अन्तिमदेखि असारमा स्वीकृत भएर भुक्तानी ढिला भइरहेको छ ।”


रकम भुक्तानी समयमा नहुँदा नै भौतिक पूर्वाधारलगायत विकासे मन्त्रालयको आशा गरिए अनुसार प्रगति हुन नसकेको पाइन्छ। गत आवमा कतिपय शीर्षकमा स्रोत सुनिश्चित नभई कार्यक्रम राख्दा रकम भुक्तानीमा समस्या भएको

(बाँकी चौथो पातामा)

# स्वदेशी वस्तुको प्रचारप्रसार र बजारीकरणमा सहयोग गर्न सरकार तयार -प्रधानमन्त्री

काठमाडौं, २ भदौ/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले स्वदेशी कच्चा पदार्थ र नेपाली मौलिक प्रविधि तथा सीपबाट उत्पादित वस्तुको प्रचारप्रसार र बजारीकरणमा आवश्यक सहयोग गर्न सरकार तयार रहेको बताएका छन् ।



महिला उद्यमी महासङ्घ नेपालले आजदेखि ललितपुरमा आयोजना गरेको ‘छैटौं अन्तर्राष्ट्रिय व्यापार मेला’को उद्घाटन गर्दै उनले स्वदेशी सीप र प्रविधिमा आधारित उद्योगबाट उत्पादित वस्तुको प्रचारप्रसार तथा बजार विस्तार गर्न आवश्यक रहेको बताए ।

उनले महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सेवाका प्रदर्शनी एवं मेलाले निकासी प्रवर्द्धनमा सहयोग पुग्नाका साथै नेपाली महिलाले सञ्चालन गरेका साना तथा मझौला उद्योगको संरक्षण र दिगो विकासमा मदत पुग्ने बताए ।

“स्वदेशभित्रै उपलब्ध कच्चा पदार्थ, स्रोत साधनलाई अधिक परिचालन गरी निकासी प्रवर्द्धनमार्फत विदेशी मुद्राको आर्जन र रोजगार विस्तार गर्न महिलाले विशेष ध्यान दिनुपर्छ,” प्रधानमन्त्री देउवाले भने, “स्वदेशी श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योग स्थापना गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न सहयोग पुर्‍याउन सबैलाई अपील गर्न चाहन्छु ।”

व्यापार मेलाले महिला उद्यमशीलतालाई प्रवर्द्धन गर्न, महिला उद्यमी व्यवसायीबाट उत्पादित वस्तु तथा सेवाको विविधीकरणका साथै बजारको पहुँच विस्तार गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उनले महिला उद्यमीको वस्तु तथा सेवाको प्रदर्शनीले रोजगार सिर्जना, व्यावसायिक सीपको विकास तथा महिलालाई उद्यम व्यवसायमा लाग्न प्रेरित गर्ने बताए ।

“मेलाले महिला रोजगार र स्वरोजगार सिर्जना गर्नका साथै अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने दिशामा अगाडि बढाउन सहयोग मिल्नेछ, महिला उद्यमीबाट उत्पादित वस्तु तथा सेवाको प्रचारप्रसार, बिक्री प्रवर्द्धन र बजारीकरणका लागि महासङ्घले आयोजना गरेको प्रदर्शनी सिङ्गो नेपाली महिला उद्यमीको व्यावसायिक सञ्जाल र सम्पर्कलाई विस्तार एवं व्यावसायिक ज्ञान तथा सीप आदानप्रदान गर्न सहयोग पुग्नेछ,” उनले भने। मेलाले व्यवसायी–व्यवसायीबीच र व्यवसायीदेखि उपभोक्तासम्मको सम्पर्क तथा सम्बन्धलाई विस्तार गर्ने प्रधानमन्त्री देउवाको भनाइ थियो ।

प्रदर्शनीका क्रममा हुने उद्यमी व्यवसायीबीचको अन्तर्क्रिया र आयात निर्यातसँग सम्बन्धित सूचना आदानप्रदानले अन्य मुलुकका उद्यमी व्यवसायीका बीच व्यापारिक सहकार्य, समन्वय र सम्बन्ध विस्तारमा पनि सहयोग पुग्ने जनाउँदै उनले यसबाट नेपाली उत्पादनको निर्यात वृद्धि गरी विदेशी लगानीकर्तालाई नेपालमा लगानीका लागि उत्प्रेरित गर्ने बताए ।

उनले मेलामा काठमाडौं उपत्यकालगायत सातै प्रदेशका विभिन्न जिल्लाबाट महिला उद्यमीले स्थानीय स्रोत र साधनबाट बनाइएका परम्परागत सीपमा आधारित उत्पादन प्रदर्शनी हुने कुराबाट आफू हर्षित भएको बताए । “जुम्ला, हुम्ला, दार्चुला, डडेल्धुरा, ताप्लेजुङ जस्ता विकट तथा दुर्गम जिल्लाबाट पनि उद्यमी महिला सहभागी भई आफ्ना उत्पादन प्रदर्शनी गर्न ल्याउनुभएको जानकारी पाउँदा मलाई खुशी लागेको छ,” प्रधानमन्त्री देउवाले भने ।

नेपालको अर्थतन्त्रलाई गतिशील बनाउन निजी क्षेत्रको योगदान अत्यन्त महत्त्वपूर्ण रहेको भन्दै उनले निजी क्षेत्रले मुलुकको कुल गार्हस्थ्य उत्पादन वृद्धिमा टेवा पुर्‍याउँदै रोजगार सिर्जनामा अग्रणी भूमिका निर्वाह गर्दै आएको बताए। उनले मुलुकको आर्थिक विकासका लागि निजी क्षेत्रले खेल्दै आएको भूमिकाको उच्च प्रशंसा गरे । आगामी दिनमा महिलाको अधिक सहभागिता हुनेमा विश्वास व्यक्त गर्दै उनले यसलाई अझ फराकिलो, समन्वयात्मक र सन्तुलित बनाउन आग्रह गरे ।

प्रधानमन्त्री देउवाले कोभिड–१९ महामारीले शिथिल बनेको मुलुकको अर्थतन्त्रमा आउन सक्ने चुनौतीलाई सामना गर्दै अत्यावश्यकीय वस्तु तथा सेवाको आपूर्ति प्रणालीलाई जारी राख्न सरकार र निजीले उचित समन्वय तथा सहकार्य गरेर अगाडि बढ्नुपर्ने खाँचो औंल्याए । उनले महिला उद्यमशीलता प्रवर्द्धनमा महासङ्घले रचनात्मक भूमिका निर्वाह गर्दै जाने विश्वास व्यक्त गरे ।

महासङ्घका अध्यक्ष निरु रायमाझी (खत्री)ले स्थानीय कच्चा पदार्थ, सीप, प्रविधि र अनुभवको प्रयोग गरी महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सेवालाई अन्तर्राष्ट्रियस्तरको बनाउन, त्यस्ता उत्पादनको बजारीकरण गर्न सरकार र निजी क्षेत्रको सहकार्य हुनुपर्ने बताए । “कम लागत, स्थानीय सीप र क्षमतामा बनाइएका सामग्री कलात्मक छन्,” उनले भने, “त्यसलाई अझ गुणस्तरीय बनाएर अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिन्छ ।”

उनले महिला उद्यमीको क्षमता अभिवृद्धि, वित्तीय व्यवस्थापन र बजार प्रवर्द्धनमा ध्यान दिन सरकारसँग आग्रह गरे । अध्यक्ष रायमाझीले स्थानीय उत्पादनको बजार व्यवस्थापनका लागि स्थायी संरचनाको निर्माण गरिदिन आग्रह गरे ।

‘स्वदेशी खाऔं, स्वदेशी लगाऔं, स्वदेशी उद्यमशीलतालाई प्रोत्साहन गरौं’ भन्ने नाराका साथ शुरू भएको सो व्यापार मेलामा कृषि, हस्तकला, सेवा, चाडपर्व, खाद्यवस्तु, अन्तर्राष्ट्रिय उद्यमीको उत्पादनलगायत १०९ कक्ष राखिएका छन् । मेलामा प्राकृतिक रेशाजन्य उत्पादन, बाँसबाट बनेका सामग्री, स्थानीय कच्चा पदार्थको प्रयोग गरी उत्पादन गरिएका वस्तु तथा सेवाको प्रदर्शनीमा राखिएका छन् ।

मेलामा सातै प्रदेशका स्थानीय उत्पादन बिक्रीमा राखिएका छन् । पचपन्न हजारले मेलाको अवलोकन गर्ने र रु दुई करोडको कारोबार हुने अनुमान गरिएको मेला संयोजक शोभा ज्ञवालीले जानकारी दिइन्। मेलाकै क्रममा महिला उद्यमीको दिगोपन, वित्तीय साक्षरतासम्बन्धी अन्तर्क्रिया हुनेछन् । कार्यक्रममा विभिन्न क्षेत्रमा उत्कृष्ट काम गर्दै आएका तीनजना महिला उद्यमीलाई सम्मान गरिएको थियो ।

# डलर सबल हुँदा विप्रेषणमा लाभ: आयातमा दबाब

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**विप्रेषणमा कमी आउनेबित्तिकै मुलुकको समग्र आर्थिक वृद्धिदर र विकासको गति सुस्त हुन जान्छ। त्यति मात्र होइन, विप्रेषणमा कमी आउनेबित्तिकै मानिसको क्रयशक्तिमा पनि कमी आउने निश्चित छ।**

अहिलेसम्म हाम्रो अर्थतन्त्रलाई विप्रेषणले नै भरथेग गर्दै आएको छ। नेपालको अर्थतन्त्रलाई चलायमान बनाउने मुख्य आयस्रोत नै विप्रेषण हो भन्ने कुराप्रति शायदै कसैको विमति होला। नेपालको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा विश्वकै सर्वाधिक विप्रेषण भित्र्याउने मुलुकमा नेपाल पर्दछ। वार्षिक रु १० खर्बभन्दा बढी विप्रेषण नेपाल भित्रिने गरेको छ। यसले मुलुकको आयात व्यापार विस्तारमा मात्र भूमिका खेलेको छैन, देशको शोधनान्तर बचतमा समेत अभिवृद्धि गराई समग्र राष्ट्रिय अर्थतन्त्रलाई सन्तुलनको अवस्थामा कायम राख्न महत्त्वपूर्ण योगदान दिएको छ। आर्थिक वर्ष २०७८/७९ मा आयातको तुलनामा निर्यात निकै कम हुँदा विदेशी मुद्रा सञ्चितिमा तीव्र क्षयीकरण भएको थियो। तर गत आर्थिक वर्षको फागुनयता विप्रेषण आप्रवाहमा क्रमिक भइरहेको वृद्धिले देशको अर्थतन्त्रलाई जोगाएको नेपाल राष्ट्र बैंकको तथ्याङ्क छ। नेपाल राष्ट्र बैंकको वार्षिक तथ्याङ्क अनुसार गत आर्थिक वर्षमा आठ अर्ब ३३ करोड अमेरिकी डलर विप्रेषण भित्रिएको छ। वर्तमान विनिमय दर अनुसार यो १० खर्ब रुपियाँभन्दा बढी हुन आउँछ। फागुनयता विप्रेषण आप्रवाहमा भएको सामान्य सुधारले बाह्य क्षेत्रलाई राहत पुगेको छ।

गत आर्थिक वर्षमा बाह्य क्षेत्र दबाबमा रहे पनि सरकारले अँगालेका सावधानीका उपायले नेपाली अर्थतन्त्र ठूलो जोखिमबाट जोगिएको छ। कोरोना सङ्क्रमण बढ्दा मुलुकमा विप्रेषणको आप्रवाहमा कमी हुन थालेको थियो। मुलुकभित्र आर्थिक गतिविधि चलायमान हुन नसक्दा बजारमा वस्तु तथा सेवाको माग कमजोर भएकोले विप्रेषण घट्नुको असर अर्थतन्त्रमा देखिन पाएन। आर्थिक २०७८/७९ को पुससम्म वस्तु तथा सेवाको माग कमजोर हुँदा आयात ४.८ प्रतिशतले घटेको तथ्याङ्क छ। सो आवको सुरुआतमा कोरोना सङ्क्रमण दर न्यून हुँदा बजार क्रमशः खुल्दै गए पनि आयात तुलनात्मकरूपमा बढ्न नसक्दा असारसम्म विदेशी मुद्रा सञ्चिति ११ अर्ब ७५ करोड अमेरिकी डलर थियो। गत आर्थिक वर्षमा आयातमा भएको वृद्धिले विदेशी मुद्रा सञ्चिति कमजोर मात्रै बनाएन, वस्तु तथा सेवा आयात धान्न सक्ने क्षमतामैं ह्रास ल्याएको छ। सोही कारण सरकारले गत आर्थिक वर्षको मध्यतिर विलासिताका वस्तु आयातमा प्रतिबन्ध लगाएको थियो। तर पनि सोचे अनुसार आयात नियन्त्रण हुन नसकेको देखिन्छ। विश्वमा इन्धन र खाद्यान्न उत्पादन र निर्यात गर्ने ठूला उत्पादक राष्ट्र रूस र युक्रेनबीच चलिरहेको लडाइँले अत्यावश्यक वस्तुको मूल्य आकाशिन पुगेको छ। यसले आम नागरिकको जीवन कष्टकर बनाउँदै लगेको छ।

नेपालजस्तो आयातमुखी देशबाट नियमित परिमाणमा वस्तु आयात गर्दा पनि ठूलो परिमाणमा विदेशी रकम बाहिरियो। विदेशी मुद्रा आर्जनको दिगो स्रोत नभएको मुलुकमा विप्रेषण आप्रवाहमा आएको कमीले भुक्तानी सन्तुलनमा चाप पर्न थालेको थियो। तर, गत आवको फागुनयता विप्रेषण आप्रवाहमा भएको वृद्धिले अर्थतन्त्रलाई सम्भावित सङ्कटबाट जोगाउन सफल भएको देखिन्छ। यसलाई सकारात्मकरूपमा लिन सकिन्छ। राष्ट्र बैंकका अनुसार गत असारमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (मूल्यवृद्धि) ८.०८ प्रतिशत पुगेको छ। अघिल्लो महीना जेठमा महँगी ८.५६ प्रतिशत थियो। गत आवको वार्षिक औसत मुद्रास्फीति दर भने ६ प्रतिशतकै हाराहारीमा सीमित देखिन्छ। शुरूका महीनाहरूमा कोरोना भाइरस सङ्क्रमणकै कारण माग बढ्न नसक्दा महँगी न्यून रहेकोले असारमा वार्षिक औसत दर भने ६.३२ प्रतिशतमैं रहेको देखिन्छ। विश्वव्यापीरूपमा इन्धन तथा खाद्य वस्तुमा मूल्यवृद्धि, आपूर्ति प्रणालीमा आएको व्यवधान तथा नेपाली मुद्रा अमेरिकी डलरसँग अवमूल्यन भएको कारण मुद्रास्फीति बढेको राष्ट्र बैंकको विश्लेषण छ। गत आर्थिक वर्षको अन्तिम महीनाहरूमा देखिएका सकारात्मक सूचकहरूले बाह्य क्षेत्रलाई राहत दिए पनि अर्थतन्त्रको जोखिम कायम रहेको अर्थशास्त्रीहरूको भनाइ छ। बैंक तथा वित्तीय संस्थाहरूलाई कोरोना भाइरस सङ्क्रमण दर बढिरहेको बेला दिइएका सुविधा फिर्ता भएसँगै ती संस्थाहरूलाई खराब कर्जा व्यवस्थापनको ठूलो चुनौती देखा पर्न सक्छ।

चालू आर्थिक वर्षको शुरूदेखि नै बैंकिङ प्रणालीमा लगानीयोग्य पूँजी (तरलता) अभाव देखा पर्न थालेकोले समग्र वित्तीय क्षेत्र अझै जोखिममा रहेको देखिन्छ। साउनमैं बैंकहरूमा लगानी गर्ने पैसाको अभाव देखिन थालेको छ। यसले वित्तीय स्थायित्वलाई लिएर ठूलो चिन्ता बढाएको छ। विश्व व्यापार सङ्गठनसँग आबद्धताका कारण आयातमा लगाएको कडाइ नेपालले लामो समयसम्म कायम राख्न सक्दैन। असारसम्म रोकेर राखिएको आयल निगमलाई दिनुपर्ने ३१ अर्ब भुक्तानी साउनपछि दिन शुरू भइसकेको छ। यसले स्रोतको वृद्धि नभइसकेको अवस्थामा विदेशी मुद्राको ढुकुटीमा ठूलो चाप पर्ने देखिन्छ। त्यस्तै, क्रिप्टोकरेन्सी र हाइपरफन्डजस्ता नयाँ प्रविधिको प्रयोगले विदेशी मुद्राको ठूलो रकम गुमिरहेको राष्ट्र बैंकको विश्लेषण छ। तर यसलाई नियन्त्रण गर्न सरकारसँग कानून अभाव रहेको बताइएको छ। २०७८ चैत यता अमेरिकी डलरको तुलनामा नेपाली रुपियाँ लगातार अवमूल्यन भइरहेको छ। गत चैत महीनामा एक डलर खरीद गर्न १२२ रुपियाँसम्म तिर्नुपर्ने अवस्था रहेकोमा असारसम्म आइपुग्दा औसतमा १२८ रुपियाँभन्दा बढी बेहोर्नुपरेको थियो। डलरको भाउ बढ्दा यसको मुख्य लाभ नेपालले विप्रेषणबाट पाएको छ। डलरको भाउमा देखिएको बढोत्तरीले असारमैं नेपाली मुद्रामा विप्रेषणको आप्रवाह ४.८ प्रतिशतले बढेको छ। जसले गर्दा नेपाली मुद्रामा विप्रेषणको आप्रवाह १० खर्ब नाघेको देखिन्छ। डलरको मजबूतीले विप्रेषणमा सुधार आए पनि आयातमा भने दबाब पुऱ्याएको छ। विश्वव्यापी महँगीले आयात बढाइरहेकै समयमा नेपाली मुद्रा अवमूल्यन हुँदा वस्तु आयातमा थप दबाब सिर्जना भएको हो। सरकारले विलासिताका वस्तु आयातमा प्रतिबन्ध र केही वस्तुमा कडाइ गर्दा पनि मासिक आयातमा खासै अन्तर आएको देखिएको छैन। औसत अनुसार नै असारमा पनि एक अर्ब ५७ करोड रुपियाँको आयात भएको तथ्याङ्क छ। गत वर्ष वस्तु आयातमा २४.७ प्रतिशत बढेको देखिन्छ। आयातमा भइरहेको अनियन्त्रित वृद्धि तथा विप्रेषण पनि उल्लेख्यरूपमा नबढ्दा मुलुकको आर्थिक स्थायित्वको प्रमुख सूचक शोधनान्तर स्थितिमा खासै सुधार आउन नसकेको हो। नेपाल राष्ट्र बैंकका अनुसार शोधनान्तर घाटा दुई खर्ब ५५ अर्ब रहेको छ। गत आर्थिक वर्षमा देशले गरेको लगानीभन्दा बचत ज्यादै न्यून रहेकोले चालू खाता घाटा छ खर्ब २३ अर्ब रुपियाँभन्दा बढी छ।

नेपालजस्तो विदेशी मुद्राको आर्जनमा कुनै एक स्रोतमा निर्भर मुलुकका लागि विप्रेषणको वृद्धिदर कमजोर बन्नुलाई राम्रो सङ्केत मान्न सकिन्न। मुलुकको राष्ट्रिय अर्थतन्त्रमा यत्रो योगदान गरेको क्षेत्रमा अलिकति पनि सुस्तता आउने हो भने त्यसको मार प्रत्यक्षारूपले अर्थतन्त्रमा पर्ने कुरामा कुनै शङ्का छैन। विप्रेषणमा कमी आउनेबित्तिकै मुलुकको समग्र आर्थिक वृद्धिदर र विकासको गति सुस्त हुन जान्छ। त्यति मात्र होइन, विप्रेषणमा कमी आउनेबित्तिकै मानिसको क्रयशक्तिमा पनि कमी आउने निश्चित छ। क्रयशक्तिमा कमी आउनेबित्तिकै उपभोक्तामुखी व्यापारमा ठूलो ह्रास आउँछ। यसले राजस्व असुलीको लक्ष्यमा समेत प्रतिकूल प्रभाव पार्ने निश्चित छ। राजस्व असुलीमा प्रतिकूल असर पर्दा बजेट घाटा हुने निश्चित छ। मुलुकको दिगो आर्थिक विकास गर्ने हो भन्ने राज्यले देशभित्रै स्वरोजगारका लागि वातावरण बनाउन उद्यमशीलता विकास कार्यक्रम ल्याउनु अति आवश्यक छ। यस्ता कार्यक्रमले युवाको आयमा वृद्धि भई मुलुकको आर्थिक विकास र समृद्धिमा सहयोग पुग्ने प्रायः निश्चित हुन्छ। तर रोजगार अभिवृद्धिका लागि तत्काल ठूला–ठूला परियोजना र उद्योग शुरू गरिहाल्ने अवस्था नरहेको अहिलेको परिप्रेक्ष्यमा वैदेशिक रोजगार र त्यसबाट प्राप्त विप्रेषण व्यवस्थापनमैं ध्यान दिनुपर्ने हुन्छ। विप्रेषण मुलुकको अर्थतन्त्रका लागि स्थायी आय स्रोत हुन नसक्ने भएकोले समयमैं विदेशी आर्जनका अन्य वैकल्पिक स्रोत विस्तारमा पनि विशेष ध्यान दिनै पर्दछ।

त्यसैले नेपालको विकास प्रक्रियाको पहिलो चुनौती भनेको नै स्वदेशमैं पर्याप्त, उत्पादनमूलक, मर्यादित र सन्तुलित रोजगारका अवसरहरू सिर्जना गर्नु हो। वास्तवमा अहिलेको अवस्थालाई विश्लेषण गरेर हेर्ने हो भने मुलुकको अर्थतन्त्र र रोजगारबीच सन्तुलन देखिएको छैन। त्यसैले कृषि उपजमाथि आत्मनिर्भरताबाट खाद्य सुरक्षाका साथै थुप्रै रोजगारका अवसरहरू सिर्जना गर्न सकिने भएकोले कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणद्वारा युवालाई यस क्षेत्रमा आकर्षित गर्ने व्यवस्था सुनिश्चित गर्नु आवश्यक छ। अर्थतन्त्रमा उद्योग र सेवा क्षेत्रको योगदान बढाउन अझ बढी प्रतिस्पर्धी, दिगो, श्रमप्रधान र निर्यातमूलक औद्योगिक विकासमा जोड दिनै पर्दछ। यसका साथै विप्रेषणसँग जोडिएको अहिलेको मुख्य प्रश्न हो– उत्पादनमूलक क्षेत्रमा विप्रेषणको प्रयोग कसरी बढाउने र विप्रेषण आर्जनकर्ताहरूको बचतको दर कसरी वृद्धि गर्ने। यसतर्फ राज्य संवेदनशील हुनै पर्दछ।

# ट्रकसहित सामान राजस्व चलान

प्रस, वीरगंज, २ भदौ/

वडा प्रहरी कार्यालय, बिर्ताले बुधवार दिउँसो बिलबीजकभन्दा बढी सामान भएको ट्रक नियन्त्रणमा लिएर राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरेको छ।

जिप्रका, पर्साले जनाए अनुसार वप्रकाको टोलीले वीरगंज महानगर–६ माईस्थानचोकबाट ना.६ख ४३४५ नम्बरको मालवाहक ट्रक रोकेर चेकजाँच गर्दा बिलबीजक शङ्कास्पद देखिएको तथा बिलबीजकविनाका विभिन्न किसिमका लत्ताकपडाहरू फेला परेको हुँदा कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया पठाएको जनाएको छ।

# मलङ्गवामा सुविधासम्पन्न बसपार्क तयार

सर्लाही, २ भदौ/रासस

मलङ्गवा नगरपालिका–२ मा करीब रु छ करोडको लागतमा सुविधा सम्पन्न नयाँ बसपार्क निर्माण भएको छ। शहरी विकास तथा भवन निर्माण विभाग जनकपुरधाममार्फत तयार भएको सो बसपार्क चाँडै सञ्चालनमा आउने सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले बताए।

हाल मलङ्गवा–९ स्थित पुरानो बसपार्कबाट बस सञ्चालन हुँदै आएको छ। टर्मिनल भवनसहित निर्माण गरिएको उक्त नयाँ बसपार्क सञ्चालनका लागि जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाही, मलङ्गवा नगरपालिका र मलङ्गवा यातायात सेवा प्रालिसँग आवश्यक समन्वय भइरहेको जनाइएको छ।

जिल्ला सदरमुकाम मलङ्गवामा सुविधा सम्पन्न बसपार्क नहुँदा सवारीसाधन व्यवस्थापनमा समस्या देखिएको थियो। जनसागर बजार (श्रीमती कृष्णादेवी जनता माविको छेउ) मा रहेको पुरानो बसपार्कमा यात्रुवाहक सवारीसाधन पार्किङ गरी त्यहींबाट सञ्चालन हुँदा सवारी व्यवस्थापनमा समस्या हुनुका साथै दुर्घटनाको जोखिमसमेत बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख प्रहरी निरीक्षक ईश्वर कार्कीले जानकारी दिए। उनले भने– "हाल सञ्चालनमा रहेको पुरानै बसपार्क साँघुरो छ। सवारीसाधनको चाप बढेकोले बसपार्क अगाडिको मुख्य सडकमैं सवारीसाधन पार्किङ गरेर राखिएको छ। यसबाट दुर्घटनाको जोखिम बढ्नुका साथै साँघुरो बसपार्कका कारण सवारीसाधन आवतजावतमा समेत समस्या देखिएको छ।"

मलङ्गवा यातायात सेवा प्रालिका अध्यक्ष राजीव यादवले नयाँ बसपार्क मुख्य बजारभन्दा टाढा रहेको र त्यहाँ जाँदा साना सवारीसाधनले पुरानो बसपार्क अगाडिबाटै यात्री उठाएर लैजाने चिन्तामा नयाँ बसपार्कमा बस जान तयार नभएको बताए।

ठेकेदारले नगरपालिकालाई बसपार्क हस्तान्तरण गर्न बाँकी नै रहेको मलङ्गवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत होमनाथ सुवेदीले बताए। उनले राज्यको करोडौं रकम खर्च गरेर बनाइएको सुविधा सम्पन्न बसपार्क हस्तान्तरण भएर सञ्चालनमा आएपछि बस व्यवसायीले बस पार्कमा बस लैजान्न भन्न नपाउने बताए। मलङ्गवा नगरप्रमुख नागेन्द्रप्रसाद यादवले नयाँ बसपार्क सञ्चालनका लागि बस व्यवसायीसँग चाँडै छलफल हुने बताए। मलङ्गवाबाट लामो तथा छोटो दूरीका गरी करीब ९० बस दैनिक छुट्ने गर्दछन्।

# घट्यो सुनको मूल्य

काठमाडौं, २ भदौ/रासस

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु ९५ हजार नौ सय तोकिएको छ। अघिल्लो दिन प्रतितोला रु ९६ हजार दुई सयमा कारोबार भएको उक्त सुनको मूल्य आज प्रतितोला रु तीन सयले घटेको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९५ हजार चार सय छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९५ हजार सात सय थियो। महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन–चाँदीको कारोबार मूल्यको तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, २ भदौ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा वृद्धि भएको छ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २७ दशमलव ५६ अङ्कले उकालो लागेर दुई हजार ६८ दशमलव २६ मा पुगेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ४१ अङ्कले उकालो लागेर ४०० दशमलव शून्य आठ अङ्कमा पुगेको छ।

कुल २२० कम्पनीको ५१ लाख एक हजार २९० कित्ता शेयर रु दुई अर्ब पाँच करोड ७९ लाख ८० हजार ५७ मूल्यमा खरीद–बिक्री भए। नेप्सेका अनुसार कारोबार भएका कुल १३ उपसमूहकै शेयर मूल्य उकालो लागेको छ। बैंकिङ सात दशमलव ९३, व्यापार २३ दशमलव ७४, होटल तथा पर्यटन १६ दशमलव १२, विकास बैंक ११७, जलविद्युत् ७० दशमलव ७७, वित्त ५३ दशमलव ९३, निर्जीवन बीमा ५७ दशमलव ५६, उत्पादन ५३ दशमलव दुई, अन्य ३५ दशमलव ७३, लघुवित्त ६१ दशमलव ५६, जीवन बीमा ५२ दशमलव ३१, सामूहिक लगानी कोष शून्य दशमलव शून्य छ र लगानी शून्य दशमलव ९७ अङ्कले उकालो लागेको छ।

सोमवारको कारोबारपछि बजार पूँजीकरण रु २९ खर्ब ६३ अर्ब ६५ करोड ८३ लाख ८९ हजार ९२४ बराबर रहेको छ। नेप्सेका अनुसार कारोबारका आधारमा रिडी हाइड्रोपावर शीर्ष स्थानमा छ। सो कम्पनीको रु १० करोड ४३ लाख ५८ हजार ८५५ बराबरको कारोबार भयो।

यस्तै, अपि पावर कम्पनी रु सात करोड ८० लाख २६ हजार ६३५, शिवम् सिमेन्ट रु छ करोड तीन लाख ९४ हजार ४७३, अरुण काबेली पावर रु पाँच करोड ५६ लाख ३७ हजार ७५५ र आइसिएफसी फाइनान्स रु पाँच करोड २८ लाख ८० हजार ९३८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार मन्दाकिनी हाइड्रोपावर र अप्पर सोलु हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। श्वेत गङ्गा हाइड्रोपावर नौ दशमलव ९७, अप्पर हेवाखोला हाइड्रोपावर नौ दशमलव ९६ र हिमालयन हाइड्रोपावरका लगानीकर्ताले नौ दशमलव ९३ प्रतिशतले कमाएका छन्।

त्यस्तै, एनआइबिएल प्रगति फन्ड तीन दशमलव ८०, सपोर्ट माइक्रोफाइनान्स तीन दशमलव २८, प्राइम बैंकको ऋणपत्र दुई, दोर्दी खोला जलविद्युत् कम्पनी एक दशमलव ९८ र सनराइज ब्ल्युचिफ फन्डका लगानीकर्ताले एक दशमलव ९५ प्रतिशतले गुमाए।

## योजनाभित्रै ...

विभागका महानिर्देशक थापाले बताए। वैदेशिक एजेन्सी (दुई पक्षीय र बहुपक्षीय) निकायबाट पैसा आउँछ भनेर उल्लेख भएपनि सहमति भइनसकेको उनले बताए। उनले भने, "बजेटमा सिद्धार्थ राजमार्गमा स्तरोन्नतिका लागि रु पाँच अर्ब छुट्याइएको भएपनि स्रोत थाहा थिएन।"

राष्ट्रिय गौरवका आयोजनामा पनि कतिपय वैदेशिक सहयोग पछि आएर सुनिश्चित भएको महानिर्देशक थापाले बताए। बजेट निर्माण हुँदासम्म सम्बन्धित निकायसँग वार्ता भइरहे पनि हस्ताक्षर भइसकेको थिएन। विश्व बैंक, एशियाली विकास बैंकसँग पछि हस्ताक्षर भएको थियो। उनले भने, "बजेटमा उल्लेख हुने तर स्रोत पछि आएर मात्रै सुनिश्चित हुँदा पनि रकम भुक्तानीमा अप्ठ्यारो हुने गर्छ।"

एउटै योजनामा रकम सार्न भौतिक मन्त्रालयलाई नै अधिकार दिन अर्थ मन्त्रालयलाई भनिएको विभागका प्रवक्ता भीमार्जुन अधिकारीले बताए। विभागलाई एक तहमाथि मन्त्रालयबाट नियन्त्रण हुँदा एउटा शीर्षकबाट अर्कोमा लैजान मात्रै अर्थ मन्त्रालय जान नपर्ने उनले बताए। अहिले एउटा पुलमा जगमा रकम पुगेन र थप्नुपर्दा स्ल्याबको खर्च गर्न पनि अर्थ मन्त्रालय नै पुग्नुपरिरहेको छ। उनले भने, "अर्थ मन्त्रालयलाई सुझाव दिइएको छ के निर्णय आउँछ हेर्नुपर्छ।"


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम — सम्पर्क नं. — आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. पन्नालाल पटेल ९८५५०३४१५५ सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज
५. डा. श्यामसुन्दर दास
६. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०**

## अन्तर्राष्ट्रिय समाचार

# मस्जिदमा बम विस्फोट, प्रमुख धर्मगुरुसहित बीसजनाको मृत्यु

काबुल, २ भदौ/एपी

अफगानिस्तानको राजधानी काबुलको एउटा मस्जिदमा बुधवार साँझको प्रार्थनाको बेला बम विस्फोट हुँदा एकजना प्रमुख धर्मगुरुसहित कम्तीमा २० जनाको मृत्यु भएको छ भने अन्य ४० जना घाइते भएका छन् ।


राजधानी काबुलमा भएको बम विस्फोटमा हताहत भएका व्यक्तिको शव ओसारिंदै । फोटोः एपी

एकजना प्रत्यक्षदर्शीका अनुसार विस्फोटमा मौलवी मुल्ला अमीर मोहम्मद काबुली मारिए भने धेरै बालबालिका घाइते भएका छन् । तालिबानले सत्ता कब्जा गरेको एक वर्षपछि धार्मिकस्थलमा भएको यो भीषण एवं जघन्य आक्रमणको जिम्मेवारी कसैले लिएको छैन ।

इस्लामिक स्टेट समूहको स्थानीय सहयोगीले तालिबान र सर्वसाधारणलाई लक्ष्यित गर्दै देशका विभिन्न भागमा आक्रमण बढाएका छन् । गत साता पनि उक्त समूहले एकजना प्रमुख तालिबानी धर्मगुरुको हत्या गरी त्यसको जिम्मेवारी पनि लिएको थियो ।

प्रत्यक्षदर्शीका अनुसार शहरको खेर खन्ना नजीक रहेको सिद्दिकिया मस्जिदलाई लक्षित गरी आत्मघाती विस्फोट गराइएको थियो । यहाँको इटालियन आपत्कालीन अस्पतालले बम विस्फोट भएको स्थानबाट पाँच बालबालिकासहित कम्तीमा २७ जना घाइते सर्वसाधारणलाई ल्याएको बताएको छ ।

काबुलका प्रहरी प्रमुखका लागि तालिबानद्वारा नियुक्त प्रवक्ता खालिद जाद्रानले मस्जिदभित्र भएको विस्फोटको पुष्टि गरे पनि हताहती र घाइतेहरूको विवरण उपलब्ध गराएका छैनन् । तालिबानी प्रवक्ता जबिहुल्लाह मुजाहिदले विस्फोटको निन्दा गर्दै यस्तो जघन्य अपराध गर्नेहरूलाई चाँडै न्यायको कठघरामा ल्याउने र सजाय दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

विस्फोटनका बेला मस्जिदमा रहेका एकजना प्रत्यक्षदर्शीले आज बिहान मृतकको सङ्ख्या अझै बढ्न सक्ने बताउँदै कम्तीमा २५ जना मारिएका एपीलाई जानकारी दिए ।

**तालिबानद्वारा काबुल मस्जिद आक्रमणको निन्दा**

काबुल/एएनआई

दुई साताअघि काबुलमा भएका दुईवटा घातक विस्फोटमा दशजनाको मृत्यु हुनुको साथै ४० जना घाइते भएका थिए । इस्लामिक स्टेटले दुवै आक्रमणको जिम्मेवारी लिएको थियो ।

अफगानिस्तानमा तालिबान शासनको एक वर्ष पुगेको यस अवधिमा आक्रमण भएको छ । प्रत्यक्षदर्शीहरूले सो आक्रमण आत्मघातीहरूले गराएका बताएका छन् ।

यसैबीच अधिकार समूहहरूले तालिबानले मानव अधिकार र महिला अधिकारको सम्मान गर्ने धेरै प्रतिज्ञा तोडेको बताएका छन् । न्युयोर्कमा रहेको अधिकार समूहले आफ्नो प्रतिवेदनमा तालिबानद्वारा भएको मानव अधिकार उल्लघङ्नको व्यापक निन्दा गरेको र देशको डरलाग्दो मानवीय अवस्थालाई सम्बोधन गर्ने अन्तर्राष्ट्रिय प्रयासहरूलाई अवरोध गरेको बताएको छ ।

**आतङ्कवादी हमलाबाट मारिएका र घाइतेहरूलाई बिर्सन नहुने**

संयुक्त राष्ट्रसङ्घ/सिन्हवा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आतङ्कवादी क्रियाकलापका कारण घाइते र ज्यान गुमाएका व्यक्तिलाई कहिल्यै पनि बिर्सन नहुने बताएका छन् ।

यस्ता हिंसात्मक हमलामा परेर ज्यान गुमाएका व्यक्तिलाई बिर्सन नहुने तथा यस्ता आक्रमणमा परेर बाँचेका मानिसका आवाज सधैं सुन्नुपर्ने महासचिव गुटेरेसले बताएका छन् ।

आतङ्कवादी हमलामा परेर ज्यान गुमाएका र घाइते भई बाँचेकाहरूको स्मरणमा हरेक वर्ष अगस्त २१ मा मनाइने अन्तर्राष्ट्रिय दिवसमा दिएको एक भिडियो सन्देशमा उनले सो कुरा बताएका हुन् । यस दिन हिंसात्मक हमलामा परेर ज्यान गुमाएका परिवारका सदस्य तथा घाइतेहरूको आवाज सुन्ने र उनीहरूको पीरमर्का सबैले मनन गर्नुपर्ने उनले बताए ।

आतङ्ककारी हमलामा परेर बाँचेका मानिसका समस्या सुनेर उनीहरूलाई, बाँकी जीवनमा ससम्मान बाँच्ने अवसर प्रदान गर्ने र समाजमा उनीहरूको अधिकार संरक्षण गरी न्याय दिलाउने काममा लाग्नुपर्ने उनले बताएका छन् ।

सो सन्देशमा उनले विश्वका सरकारहरूलाई यस्तो हिंसामा परेर ज्यान जोगिएका व्यक्तिहरूको हक अधिकारको संरक्षण र संवर्द्धन गर्न पनि आग्रह गरेका छन् । यस्ता व्यक्तिको सम्मानका लागि विश्वका सबै नागरिकले एक भएर काम गर्नुपर्ने भन्दै महासचिव गुटेरेसले यसका साथै दोषीमाथि कारबाई गर्न र आगामी दिनमा यस्ता हिंसाका घटना हुन नदिन सबैको सहकार्य आवश्यक रहेको पनि सो सन्देशमा बताएका छन् । रासस

# पोखरीमा डुबेर २४ जनाको मृत्यु

–नानीमैयाँ कट्वाल

सप्तरी, २ भदौ/रासस

सप्तरीमा नयाँ आर्थिक वर्षको पहिलो महीनामैं पोखरीमा डुबेर चारजनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार पोखरीमा डुबेर गत वर्ष २४ र तीन वर्षको अवधिमा ५७ जनाको मृत्यु भइसकेको छ । राजगढ गाउँपालिकामा गत बुधवार मात्र एकजना बालकको नुहाउने क्रममा पोखरीमा डुबेर मृत्यु भयो । बेल्ही चपेनास्थित सार्वजनिक पोखरीमा सोही ठाउँका वीरेन्द्र मण्डलका १३ वर्षीय छोरा राजा मण्डलको पनि डुबेरै मृत्यु भएको प्रहरीले जनाएको छ ।

बुधवार मृत्यु भएका बालकको शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल ल्याइएको छ । यस अघि साउन २६ गते बोदे बर्साइन नगरपालिका–८ काचनमा एउटी बालिकाको पोखरीमैं डुबेर मृत्यु भयो । सोही ठाउँ बस्ने मीताराम दासकी छोरी छ वर्षीया नन्दनीकुमारी दासको पनि नुहाउने क्रममैं मृत्यु भएको थियो ।

यसैगरी साउन २४ गते जिल्लाको दुई छुट्टाछुट्टै घटनामा एक बालक र एक युवकको पोखरीमा डुबेर मृत्यु भयो । छिन्नमस्ता गाउँपालिका–४ लालापट्टीस्थित पोखरीमा डुबेर दुई वर्षीय दिप पण्डितको मृत्यु भएको थियो । सोही दिन विष्णुपुर गाउँपालिका–३ बस्ने ३५ वर्षीय लल्कु भनिने शिवशङ्कर सदाको पोखरीमैं डुबेर मृत्यु भयो ।

उनी पोखरीको मध्य भागमा फुलेको कमलको फूल टिप्न गएका थिए । प्रहरीका अनुसार आर्थिक वर्ष २०७९–८० को शुरूआतमैं जिल्लामा दुई बालक, एक बालिका र एक युवकको डुबेर मृत्यु भएको थियो । प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेका अनुसार पोखरीमा डुबेर मृत्यु हुनेको सङ्ख्या बर्सेनि बढ्दो छ । मृत्यु हुनेमा बालबालिकाको सङ्ख्या बढी देखिएको छ । आर्थिक वर्ष २०७६–७७ मा ११, २०७७–०७८ मा २२ र २०७८–७९ मा २४ जनाको डुबेर मृत्यु भएको थियो । नयाँ आर्थिक वर्षको शुरूआतमैं चार जनाको मृत्युले यो सङ्ख्या बढ्ने अनुमान गरिएको छ ।

तीन वर्षको अवधिमा अन्य कारणले भन्दा डुबेरै बालबालिकाहरूको मृत्यु हुने सङ्ख्या अधिक रहेको छ । तीन वर्षमा २१ बालक र १२ बालिका गरी ३३ जनाको मृत्यु भएको तथ्याङ्कमा उल्लेख छ । जसमा सात बालक र छजना बालिका त पाँच वर्ष मुनिका छन् । यसैगरी १९ देखि २५ वर्ष उमेरका छ पुरुष, २६ देखि ३५ वर्षका दुई महिला र चार पुरुष, ३६ देखि ४५ वर्षका एक महिला र दुई पुरुष, ४६ देखि ५५ वर्षका एक महिला र दुई पुरुष, ५६ देखि ६५ वर्षका तीन पुरुष तथा ६६ वर्ष माथिका तीन पुरुषको मृत्यु पनि डुबेरै भएको उल्लेख छ । तराई–मधेसमा पोखरीसँगै नदी, नाला, नहर, खोला, खाल्डोमा डुबेरसमेत मृत्यु हुने गरेको छ । यो तीन वर्षको अवधिमा २६ जनाको पोखरीमा, १० जनाको खाल्डोमा, सातजनाको खोलामा, १० जनाको नहरमा र चारजनाको नदीमा डुबेर मृत्यु भएको थियो ।

गर्मी बढेसँगै पोखरीमा नुहाउन जानेको सङ्ख्या बढ्नुका साथै पोखरीधनी र अभिभावकको लापरवाहीका कारण बर्सेनि पोखरीमा डुबेर मृत्यु हुने घटना बढेको प्रहरीको भनाइ थियो । डुबेर बालबालिकाको बढी मृत्यु हुनुमा अभिभावकको लापरबाही देखिएको प्रहरीको अनुमान छ । प्रहरी नायब उपरीक्षक काफ्लेले अभिभावकबाट आवश्यक निगरानी हुन नसक्दा घटना वृद्धि भएको बताए । "अभिभावक काममा जाँदा बालबालिकालाई घरमा छाडेर जानुपर्ने, बालबालिकालाई गाईवस्तु चराउन वा घाँस काट्न पठाउनुपर्ने हुन्छ"–विष्णुपुर गाउँपालिका–१ खुरहुरियाका यदुनन्दन यादव भन्छन्–"ग्रामीण बस्तीमा खानेपानी र नुहाउन पोखरीकै भर पर्नुपर्ने हुन्छ यसले गर्दा दुर्घटना बढेको हो ।"

प्रहरीका अनुसार यस अघि छठपर्वमा ४२० ओटा छठघाट रहेको पोखरी, नदी तथा नहरमा प्रहरीले सुरक्षा दिएको थियो । प्रहरी नायब उपरीक्षक काफ्लेले भने–"गाउँबस्तीमा पर्याप्त पोखरी भएकोमा तीनमा घेराबार वा कतिपय पोखरीमा डिलसमेत नहुँदा बालबालिकाको डुबेर मृत्यु हुने गरेको छ । अभिभावकले बालबालिका कता छन्, के गर्दैछन् भनेर पर्याप्त ध्यान दिनुपर्छ ।"

सामुदायिक सेवा केन्द्रका जिल्ला अध्यक्ष हितनारायणलाल दासले बालबालिकालाई पोखरी, नहर, कुलोजस्ता जलाशय भएको स्थानमा एक्लै जान नदिने, पोखरीमा नुहाउनै परे ठूला मानिसको रेखदेखमा नुहाउन लगाउनेबारे अभिभावकमा सचेतना अभियान सञ्चालन गर्न जोड दिए ।

डुबेर मृत्यु हुनेमा बालबालिका बढी भए पनि मादक पदार्थ खाएका, छारेरोग लागेका, पानीको गहिराइको बेवास्ता गरेका ठूला मानिसको पनि डुबेर मृत्यु हुने गरेको छ । जिल्ला प्रहरीले डुबेर मृत्यु हुने घटना वृद्धि भएको जनाउँदै अभिभावकलाई ध्यान पुऱ्याउन र निगरानी गर्न आग्रह गरेको छ । "तराई–मधेसमा नदी, पोखरी मानिसको दैनिक जीवनसँग जोडिएको छ ।" हनुमाननगर कङ्कालिनी नगरपालिका–१ भारदहस्थित कोशी किनारका भूपदेव मालीले भने–"आयस्रोतको समेत प्रमुख आधार भएको नदी तथा पोखरीमा ज्यान जाने क्रम बढेकोले राज्य नै अग्रसर भई सुरक्षित बनाउनुपर्छ ।"

# कमला नदीको तटबन्धले बस्ती सुरक्षित

जनकपुरधाम, २ भदौ/रासस

कमला नदी नियन्त्रणका लागि तटबन्ध निर्माण भएपछि बस्ती सुरक्षित भएको छ । नेपाली पक्षको निरन्तर दबाब र पहलपश्चात् भारतीय पक्षले कमला नदीस्थित आफ्नो भूमिमा तटबन्ध निर्माण गरेपछि धनुषाको जनकनन्दनी गाउँपालिकास्थि इनरूवा बजार तथा मल्हनियाँलगायत बस्ती सुरक्षित भएको हो ।

नेपाल सरकारले नेपालतर्फको भूमिमा धेरैअघि नै तटबन्ध निर्माण गरे पनि भारतीय पक्षले आफ्नो करीब छ सय मिटर क्षेत्रफलमा तटबन्ध निर्माण नगर्दा बर्सेनि नेपाली बस्ती डुबानमा पर्दै आएको थियो तर यस वर्ष भारतीय पक्षले तटबन्ध निर्माण गरेपछि धनुषाको इनरूवा बजार, मल्हनियाँलगायत बस्ती र जयनगर–कुर्था रेलवे मार्गसमेत सुरक्षित भएको स्थानीयवासी मनोज यादवले बताए । "नेपाली भूमिमा बाँध निर्माण भए पनि करीब छ सय मिटर भारतीय भूमिमा बाँध निर्माण हुन नसक्दा हाम्रो इनरूवा बजार असुरक्षित थियो, बर्सेनि कमलाको बाढी बजारमा पुग्दा ठूलो कष्ट भोग्न बाध्य थियौं"–उनले भने–"तर अब भारतीय पक्षले बाँध बनाएपछि पूर्णरूपले सुरक्षित भएका छौं ।" बाँध निर्माणपछि भारतीय बजार जयनगर पुग्नसमेत सहज भएको छ ।

"सीमावर्ती गाउँ बल्डीहा नजीकै लामो समयदेखि तटबन्ध नबन्दा पहिले स्थानीयलाई ठूलै सास्ती थियो"–जनकनन्दनी गाउँपालिकाका शफीक मियाँले भने–"नेपालतर्फको सबै ठाउँमा बाँध बनिसकेको थियो, तर बोर्डरमा बाँध नबन्दा बर्सेनि डुबानसँगै भारतीय बजार जयननगरसम्म पुग्न सास्ती हुन्थ्यो ।"

नेपाली पक्षको दबाब र प्रयासमा भारतीय पक्षले तटबन्ध बनाएको कमला नदी नियन्त्रण आयोजना जनकपुरधामका प्रमुख विष्णुदेव यादवले बताए । "हामीले भारतीय पक्षलाई ठाउँमा तटबन्ध बनाउन आग्रह गर्दैआएका थियौं"–उनले भने । उक्त ठाउँमा तटबन्ध नहुँदा नेपाली बस्ती मात्रै डुबानको चपेटामा थियो ।

भारतीय पक्षले बनाएको तटबन्धका कारण नेपाली भूमि मात्र सुरक्षित भएको छैन, यातायात सञ्चालन गर्नसमेत सहज भएको स्थानीयले बताएका छन् । पूर्वपश्चिम राजमार्गको पोर्ताहादेखि भारतीय सीमावर्ती क्षेत्रसम्म करीब ३५ किलोमिटरको सो तटबन्धबाट दैनिक सयौंको सङ्ख्यामा दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधन भारतीय बजारबाट ओहोरदोहोर गरिरहेका छन् ।

यस्तै, कमला नदी नियन्त्रणका लागि तटबन्ध निर्माण भएपछि धनुषा र सिरहाको करीब दुई दर्जनभन्दा बढी गाउँ बस्ती डुबान र कटानबाट सुरक्षित भएका छन् । धनुषा र सिरहाको सिमानामा पर्ने कमला नदीमा आउने बाढीका कारण बर्सेनि डुबान र कटानको समस्या खेप्दै नदी आसपासका गाउँ–बस्ती तटबन्ध निर्माणसँगै सुरक्षित भएका हुन् । तटबन्ध निर्माणसँगै धनुषाको गणेशमान चारनाथ नगरपालिका, सबेला नगरपालिका, शहीदनगर नगरपालिका, कमला नगरपालिका र जनकनन्दनी गाउँपालिका तथा सिराहाको कर्जन्हा नगरपालिका, कल्याणपुर नगरपालिका र सिराहा नगरपालिकाका विभिन्न वडाका गाउँ सुरक्षित भएको स्थानीयले बताएका छन् ।

बस्ती संरक्षण तथा कटानमा परेका जग्गा उकासका लागि कमला नदी नियन्त्रण आयोजना जनकपुरधामले कमला नदीमा तटबन्ध निर्माण गरेपछि बस्ती मात्र सुरक्षित भएको छैन, ठूलो क्षेत्रफलमा जग्गा नदी उकाससमेत भएको छ । बस्ती सुरक्षित बनाउन कमला खोलामा माटो, चपरी तथा ढुङ्गा हालेर तटबन्ध निर्माण गरेपछि धनुषा र सिराहाको करीब २६ हजार ८८७ घरधुरी लाभान्वित भएको आयोजना प्रमुख यादवले जानकारी दिए ।

कमला नदीमा ६८.२५ किलोमिटर तटबन्ध बनाउँदा दुवैतर्फ करीब दुई हजार पाँच सय हेक्टर जग्गा उकास भएको छ भने ५० हजार हेक्टर खेतीयोग्य जग्गा सुरक्षित भएको छ । एक लाख ४५ हजार ६५३ जना प्रत्यक्ष लाभान्वित भएका प्रमुख यादवले बताए । तटबन्ध निर्माणसँगै नदी कटान तथा डुबानबाट सुरक्षित भएको अनुभूति गर्दै स्थानीयले उकास जग्गामा धमाधम खेतीपातीका साथै घेराबार गरी नर्सरी बनाउन थालेका छन् ।

# कोभिड–१९ महामारीको समयमा जापानको आत्महत्या दरमा वृद्धि

टोकियो, २ भदौ/एएनआई

कोभिड–१९ महामारीको समयमा जापानमा आत्महत्या दरमा वृद्धि भएको एक अनुसन्धानले देखाएको छ ।

सन् २०२० मार्चदेखि सन् २०२२ जून सम्म जापानमा आत्महत्या गर्नेको सङ्ख्या ८,०८८ पुगेको अनुसन्धाताहरूको एक समूहको रिपोर्टलाई उद्धृत गरी जापानी समाचार संस्था क्योदोले बुधवार जनाएको छ । उक्त समूहले कोभिड महामारीपूर्वको सोही अवधिको तुलनामा यो सङ्ख्या अत्यधिक भएको बताएको छ ।

अनुसन्धान रिपोर्ट अनुसार आत्महत्या गर्ने अत्यधिक व्यक्ति २०–३० वर्ष उमेरका युवती भएको पाइएको छ । कोभिडका कारण २० वर्षभन्दा मुनिका किशोरीहरू पनि उल्लेख्य सङ्ख्यामा प्रभावित बनेको जनाइएको छ ।

विवरण अनुसार उक्त अवधिमा महिला–पुरुष गरी १,८३७ ले आत्महत्या गरेका थिए जसमा १,०९२ युवती रहेका थिए ।

कोरोना महामारीका कारण भएका भनिएका ३७७ आत्महत्यामध्ये १९ वर्ष वा सोभन्दा कम उमेरका २८२ जना रहेका छन् ।

टोकियो विश्वविद्यालयका सह–प्राध्यापक ताइसुके नाकाताले क्योदोसँग भने–"पुरुषको तुलनामा नियमित काम नगर्ने महिलाहरू आर्थिकरूपमा बढी प्रभावित हुन्छन्, जबकि व्यावहारिक प्रतिबन्धका कारण युवाहरू आइसोलेसनमा बस्न बाध्य हुने सम्भावना बढी हुन्छ ।

क्योदोका अनुसार 'जापानमा आत्महत्याको दर बढ्नुको प्रमुख कारण आर्थिक कठिनाइ रहेको विश्वास गरिएको छ, किनकि बेरोजगार बढ्दै जाँदा आत्महत्याको मृत्यु दर बढ्छ' ।

ओसाका विश्वविद्यालयका प्राध्यापक फुमियो ओटाकेले आत्महत्याको सङ्ख्याजस्ता तथ्याङ्कलाई ध्यानमा राखेर सरकारले आफ्नो नीति परिवर्तन गर्न आग्रह गरे । कोभिड–१९ सम्बन्धी सरकारी समितिका सदस्यसमेत रहेका ओटाकेले भने–"सामाजिक र आर्थिक गतिविधि रोक्नका लागि कोरोना भाइरस सङ्क्रमणको जोखिम मूल्याङ्कन गर्न जरूरी छ ।"रासस


**मोटरसाइकल चोरी भएको सूचना**

चेसिस नं MBLJAWO92M9401310, इन्जिन नं JAO5EGM94013YY भएको प्र.०२–०३–१९ प–३४१३ नम्बरको सुपर स्पेलेण्डरको १२४.७ सिसी मोटरसाइकल २०७९/०४/३१ गते दिउँसो २:३० बजे जीतपुरसिमरा उमनपा–७ नगर पालिकाको कार्यालय अगाडिबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो.नं. ९८४५०९५३९९ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ ।

- **रामअश्रेय ठाकुर हजाम**

वीरगंज महानगरपालिका–१२, मुर्ली

**मोटरसाइकल चोरी भएको सूचना**

चेसिस नं MD2A13EX5LCJ89640, इन्जिन नं DKXCLJ12334 भएको प्रदेश ०२–०३–०१३प २४३९ नम्बरको बजाज कम्पनीको २२० सिसीको रातो–कालो रङ्गको ABS पल्सर मोटरसाइकल २०७९/०४/२९ गते दिउँसो करीब २:४५ बजे वीरगंज–१३ तेजारथटोल एमएटी स्कूल नजिकै बस्दै आएको घर अगाडिबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा मो.नं. ९८११८९५९६१, ९७४६६९५६१९ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ । - **आनन्दराज चौहान**

पोखरिया नपा–६, टोलः श्रीसिया पर्सा

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

**वीरगंज महानगरपालिकाको सूचना**

हरेक बार खाना चार,
यही नै हो पोषणको आधार ।

वीरगंज महानगरपालिका कार्यालय


**भूमिसुधार तथा मालपोत कार्यालय, पर्साको हकदावीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उप्रान्त जिल्ला पर्सा साविक गाविस सेढवा वडा नं. २ मा बस्ने सुगम साह तेलीको नाममा नम्बरी दर्ता कायम रहेको तपसिलको जग्गा भोगचलन गरी आउँदा निजको मृत्यु भई हकखाने पत्नीको समेत मृत्यु भई निजहरूको दाम्पत्य जीवनबाट २ जना छोराहरू रामजीप्रसाद तेली र अशोककुमार साह तेली भएको ना.सा. गरी पाउँ भनी निवेदकहरू रामजीप्रसाद तेलीसमेतले यस कार्यालयमा द.नं. २४४२१ मिति २०७८/११/१६ को माग निवेदन पेश गर्नुभई सो जग्गाको श्रेस्ता जीर्ण भई च्यातिसकेकोमा यस कार्यालयको मिति २०७९/०४/३१ को आदेशानुसार हकदावीको ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । निवेदकहरूको माग दावी भएको तपसिलको जग्गामा अरू कोही कसैको हकभोग लाग्ने, पुग्ने भए वा सो जग्गाको श्रेस्ता कायम गरी निजहरूको नाममा नामसारी हुनु नपर्ने कुनै कारण भए वा मृतक ज.ध. सुगम साह तेलीको अन्य कोही हकदार भएमा यो सूचना प्रकाशन भएको मितिदेखि बाटोको म्यादबाहेक ३५ दिनभित्र आफ्नो सबुत प्रमाणसहित उजूर दावी गर्न आउनुहोला । म्यादभित्र दावी विरोध नपरेमा कानून बमोजिम हुनेछ ।

तपसिल

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| पर्सा | सेढवा | ६ | २५ | ३–१५–१५ | सुगम साह तेली |
| पर्सा | सेढवा | ६ | २५ | ०–१२–४ | सुगम साह तेली |
| पर्सा | सेढवा | ६ | २५ | १–४–१० | सुगम साह तेली |
| पर्सा | सेढवा | ६ | २५ | ३–१८–० | सुगम साह तेली |

# वीरगंजमा एक अर्बको एलएस न्यूरो हस्पिटल सञ्चालन

प्रस, परवानीपुर, २ भदौ/
वीरगंजमा एक अर्बको लगानीमा निजी अस्पताल सञ्चालनमा आएको छ।



तस्वीरः प्रतीक

बारा, परवानीपुर गाउँपालिका वडा नं ५ बहुअरीमा करीब चार बिघा क्षेत्रफलमा एक अर्बको लगानीमा चार तले सुविधासम्पन्न अस्पताल गत साउन ९ गतेदेखि सञ्चालनमा आएको छ। सय शय्या क्षमताको अस्पतालको चार तले भवन नौ कठामा छ भने बाँकी जग्गा खाली रहेको छ । वीरगंज–कलैया सडकखण्ड अन्तर्गत लक्ष्मनवानजीकै पर्ने उक्त अस्पतालमा हाल जेनरल, स्त्री तथा प्रसूति सेवा, अर्थोपेडिक, आइसियू, एनआइसियू, न्यूरोलगायतका विभाग शुरु गरिएको छ।

वीरगंज–१४ पिपरा बस्ने न्यूरो विशेषज्ञ डा श्यामबाबू प्रसादले चार वर्षअघिदेखि वीरगंज–८ पानीटङ्कीमा डा पिङ्ला अमात्यको अस्पताल भाडा लिएर एलएस न्यूरो हस्पिटल प्रालि सञ्चालन गर्दै आएका थिए । नयाँ ठाउँमा सुविधासम्पन्न अस्पताल निर्माण गरी अस्पताललाई स्थानान्तरणसमेत गरिएको अस्पतालका प्रबन्ध निर्देशक एवं डा श्यामबाबू प्रसादका दाइ रामप्रवेशप्रसाद कुर्मीले बताए। अस्पताल सञ्चालनमा आएपछि १५ जना चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी गरी कुल १५० जनाले रोजगार पाएका छन्। अस्पताल निर्माणमा सानिमा बैंकले ऋण कारोबार गरेको छ । वीरगंजमा सुविधासम्पन्न न्यूरो अस्पतालको आवश्यकतालाई महसुस गरी लगानी गरी अस्पताल सञ्चालनमा ल्याइएको बताइएको छ। वीरगंजमा सञ्चालित यसअघिको एलएस न्यूरो अस्पताल पानीटङ्कीमा पनि पर्सा, बारा, रौतहट, सर्लाही, बिहारसम्मका बिरामीहरु उपचार गराउन आउने गरेका थिए। सवारी दुर्घटनामा परी तत्काल उपचारका लागि बिरामीहरु काठमाडौं, चितवनभन्दा पहिले नजीकको अस्पतालमा उपचार गर्न उचित ठान्ने भएकोले वीरगंजमा न्यूरो अस्पतालमा लगानी गरेको प्रबन्ध निर्देशक कुर्मीले बताए।

**नर्सिङ कलेज खोल्ने लक्ष्य**

अस्पतालको खाली जग्गामा नर्सिङ कलेज खोल्ने लक्ष्य रहेको छ। वीरगंजमा नर्सिङ, एचए, सिएमएलगायतका अध्ययनका लागि भौतिक पूर्वाधार खडा गरी कलेज सञ्चालनको लक्ष्य पनि रहेको छ।

वीरगंजमा स्वास्थ्यसँग सम्बन्धित प्राविधिक शिक्षातर्फ पनि विद्यार्थीको चाप बढिरहेकाले वीरगंजमा सुविधासम्पन्न शिक्षण संस्थाको आवश्यकता महसुस गरी व्यवस्थापकीय टोलीले गृहकार्यमा जुटेको उनले बताए।


## कोभिड–१९ को जोखिम कम गर्ने उपायहरू

- सही तरीकाले मास्क लगाऔं ।
- कम्तीमा दुई मिटरको दूरी कायम गरौं।
- साबुनपानीले नियमित हात धुने वा सेनिटाइजर प्रयोग गरौं ।
- हावा ओहरदोहर हुने स्थानमा बसौं ।
- अरूको व्यक्तिगत प्रयोगका सामग्री प्रयोग नगरौं।
- कोभिड–१९ विरुद्धको खोप तथा बुस्टर डोज लगाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**







# बसले अटोरिक्शालाई ठक्कर दिंदा तीनजनाको मृत्यु

प्रस, रौतहट, २ भदौ/
चन्द्रपुर नगरपालिकामा बिहीबार बिहान बसले अटोरिक्शालाई ठक्कर दिंदा तीनजनाको मृत्यु भएको छ।

काठमाडौंबाट सर्लाहीतर्फ जाँदै गरेको वाग्मती प्रदेश ०३–००१ ख २०१ नम्बरको यात्रीवाहक बसले विपरीत दिशाबाट आउँदै गरेको प्रदेश २–०२–००१ ह २१०९ नम्बरको अटोरिक्शालाई चन्द्रपुर नगरपालिका–२ लच्कामा आज बिहान ठक्कर दिएको थियो । ठक्करबाट अटोमा सवार चारजनामध्ये तीनजनाको अस्पताल लैजाने क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

सर्लाही–२ सोल्टीका प्रेम ठाडामगर, ढकबहादुर लुङ्गेली मगर र अटो चालक रवि मगरको मृत्यु भएको इलाका प्रहरी कार्यालय, चन्द्रपुरले जनाएको छ ।

सोही घटनामा लुङ्गेलीकी पत्नी सविना लुङ्गेली गम्भीर घाइते भएको तथा दुवै खुट्टामा चोट लागेकाले थप उपचारका लागि न्युरो अस्पताल वीरगंजमा पठाइएको प्रहरी नायब उपरीक्षक सन्तुप्रसाद जैसवारले जानकारी दिए । बसका चालक चन्दनकुमार साहलाई नियन्त्रणमा लिई अनुसन्धान शुरु गरेको उनले बताए ।

# चिकित्सकले लापरवाही गरेको पीडितको आरोप

प्रस, वीरगंज, २ भदौ/
वीरगंज–१४ स्थित वीरगंज हेल्थकेयर हस्पिटलका चिकित्सक डा आशिफ अन्सारीको लापरवाहीका कारण एकजना बिरामीको अवस्था नाजुक भएपछि वीरगंजमा पत्रकार सम्मेलन गरिएको छ।

पीडित बिरामीका आफन्तजनले आवश्यक कारबाहीको माग गर्दै नेपाल पत्रकार महासङ्घ पर्साको सभाहलमा पत्रकार सम्मेलन गरेको थियो । पर्सा, छिपहरमाई गापा–२ चेरगाहा बस्ने वर्ष ३२ का फिरोज अन्सारीका परिवारजनले पत्रकार सम्मेलन गरी आवश्यक कारबाहीको माग गरेका छन् ।

पित्तको थैलीको ढुङ्गा निकाल्न फिरोज गत साउन २६ गते वीरगंज हेल्थकेयर हस्पिटल भर्ना भएका थिए भने उनको साउन २७ र २८ गते गरी दुईपटक शल्यक्रिया गरिएको थियो । त्यसपछि उनको पित्तको थैलीबाट अत्यधिक रक्तश्राव भएको थियो। जसले गर्दा उनको अवस्था जटिल बन्दै गयो।


तस्वीरः प्रतीक

अचेत अवस्थामा पुगेका फिरोजलाई दुई दिन भेन्टिलेटरमा राखेर उपचार गरिएको थियो ।

सुधार नदेखिएपछि साउन ३० गते बिहान श्री एयरलायन्सको हेलिकोप्टरबाट काठमाडौंको मेडिसिटी हस्पिटलमा रेफर गरिएको थियो ।

फिरोजका बुवा भुमन मियाँको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा बिरामीको उपचारमा लापरवाही गर्ने अस्पतालका सञ्चालक तथा चिकित्सकलाई दुई दिनमा प्रहरी प्रशासनले आवश्यक कारबाही नगरे आइतवारदेखि बिहान ११ देखि दिउँसो २ बजेसम्म परिवारजन धर्नामा बस्ने चेतावनीसमेत दिइएको छ।

परिवारजनले जिल्ला प्रहरी कार्यालयमा जाहेरीसमेत दिइसकेको नेपाली काङ्ग्रेस, पर्साका सहसचिव नवीन सिंहले बताए ।

यस सम्बन्धमा अस्पतालका सञ्चालक डा अबुलैस अन्सारीसँग बुझ्दा बिरामीको उपचारमा कुनै लापरवाही नभएको दाबी गरे । उनले डा आशिफ अन्सारी एक दक्ष र योग्य सर्जन भएकोले उनीबाट उपचार पद्धतिमा कुनै लापरवाही नभएको बताए ।

बिरामी आफू मुटुरोगी भएपनि चिकित्सकसँग उक्त कुरा लुकाएको र शल्यक्रियाको क्रममा उनलाई मुटुको कारण समस्या भएको बताए। उनको शल्यक्रियाअगावै उनको पित्तको थैलीमा सङ्क्रमण रहेको चिकित्सकहरुले बताएका छन् ।

# विद्यार्थीलाई छात्रवृत्ति वितरण

प्रस, सेढवा, २ भदौ/
बाबा बैधनाथ आधारभूत विद्यालय,


तस्वीरः प्रतीक

गढैयामा बुधवार छात्रवृत्ति वितरण गरिएको छ। विद्यालयमा अध्ययनरत छात्रा तथा दलित छात्रछात्राहरूलाई जनही चार सय रुपियाँका दरले छात्रवृत्ति वितरण गरिएको प्रधानाध्यापक बादशाह साहले बताए ।

जगरनाथपुर गापा–३ का अध्यक्ष सुभाषकुमार यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा समाजसेवी योगेन्द्र यादव, जटाशङ्कर यादवलगायतको सहभागिता थियो ।

विगतमा कोभिड महामारीका कारण कतिपय विद्यालयले छात्रवृत्ति वितरण नगरेको गुनासो आएपछि हाल निर्वाचित जनप्रतिनिधिहरूले निगरानी गर्दै छात्रवृत्ति वितरण गर्न लगाएको वडाध्यक्ष यादवले जानकारी गराए ।

# फरार अठारजना पक्राउ

प्रस, वीरगंज, २ भदौ/
वडा प्रहरी कार्यालय, श्रीपुरले साउन ३१ गते १८ जना फरार व्यक्तिलाई पक्राउ गरी पर्सा जिल्ला अदालतमा दाखिला गरेको छ । वप्रका, श्रीपुरले जानकारी गराए अनुसार लामो समयदेखि अदालतको फैसलापछि लुकीछिपी बसेका कुटपिट मुद्दासम्बन्धी सातजना, जालसाजी मुद्दाका छजना, काठ चोरी मुद्दाका तीनजना र चेक अनादर मुद्दाका दुईजना गरी १८ जनालाई अदालतमा उपस्थित गराएको बताएको छ ।




# पूर्वविधायक रक्सौलबाट पक्राउ

राजेश केशरीवाल, रक्सौल, २ भदौ/
पूर्वविधायक राजन तिवारीलाई रक्सौल प्रहरीले पक्राउ गरेको छ। उत्तर गैरजमानती वारेन्ट जारी गरेको र तिवारीमाथि भारु २५ हजारको पुरस्कार पनि घोषणा गरिएको थियो । उत्तर


तस्वीरः प्रतीक

प्रदेशका प्रहरीले हरैया प्रहरीको सहयोगमा पूर्वविधायक तिवारीलाई रक्सौलबाट पक्राउ गरेको प्रहरीले जनाएको छ ।

प्रहरी स्रोतका अनुसार तिवारीविरुद्ध उत्तर प्रदेशमा थुप्रै मुद्दा दर्ज छन् । जसमध्ये एउटा मुद्दा गोरखपुर केन्टमा ग्याङस्टरसम्बन्धी मुद्दा दर्ता छ । त्यति बेलादेखि तिवारी फरार थिए ।

सन् २००५ मा उत्तर प्रदेश अदालतले प्रदेशको डिजिपी मुख्यालयले प्रदेशका ६१ जना माफियाको सूचीमा राजन तिवारीको नाम पनि सामेल गरेको छ। उनले १७ वर्षदेखि अदालतमा पेशी दिएका थिए ।

प्रहरीका अनुसार तिवारी आफ्नो सहयोगीहरूका साथ काठमाडौं जाने क्रममा रक्सौलमा पक्राउ परेको बताइएको छ ।

## ठोरीको ठुटेखोला.....

अवरोधका कारण यस स्थानमा विवाद उत्पन्न हुने गर्दथ्यो । तर ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले भारतीय पक्षका स्थानीय मुखियाहरूसँग निरन्तर सम्पर्क, सहकार्य र समन्वय गरी बाटो सञ्चालन गरिएको बताए। आफूलाई पनि बाटो सञ्चालनमा नआउँदाको पीडा थाहा भएकै कारण समस्याको समाधान गरिएको अध्यक्ष श्रेष्ठले बताए । भारतीय पक्षका धमौरा पञ्चायतका मुखिया श्यामबिहारीले आफूहरूलाई पानीसँग मात्र सरोकार रहेकोले नेपाली पक्षले पर्याप्त पानी जाने वातावरण बनाइदिएकोले कुनै गुनासो नरहेको बताए ।

पुलको बाटो सीधा नहुँदा र घुमौरो ड्राइभर्सनको बाटो प्रयोग गर्दा ठोरी घुम्न आउने पर्यटकहरूलाई धेरै कठिनाइ हुने गरेको र घुमौरो बाटोमा पर्ने साना काठे अस्थायी पुलले सवारीसाधनमा समेत कठिनाइ रहेको कारण अब उप्रान्त कसैले पनि गुनासो गर्ने ठाउँ नरहेको निर्मल–ठोरी उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले बताए ।

पुल निर्माण भएको चार वर्षपछि भारतीय पक्षले प्रयोग गर्दै आएका दुईवटा कुलोमध्ये पश्चिमपट्टिको कुलो जनप्रतिनिधि र स्थानीयहरूको पहलमा ड्राइभर्सन बनाइ सञ्चालनमा आएको बाटो आजबाट पूर्णरूपेण सञ्चालनमा आएको हो। हुलाकी सडकले पुनः टेन्डर गरेपछि मात्र कालोपत्रेको काम हुनेछ । बाटो खुलाउने कार्यमा गाउँपालिकाकी उपाध्यक्ष गोकुली रेग्मी, वडा नं २ र ३ का जनप्रतिनिधि, स्थानीय सामाजिक अगुवाहरूको समेत सक्रिय सहभागिता थियो ।

## कुकुरको टोकाइ....

उपचारको लागि वीरगंजस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा लगिएको थियो। प्रारम्भिक उपचार गरी रेबिजको सुई लगाइएको थियो । तीन डोज नियमितसँगै चिकित्सकले थप दुईवटा डोज लेखेका थिए । तर परिवारजनले गत साउन २७ गतेको रक्षाबन्धनका दिन थप डोजमध्ये एक डोज सुई लगाएनन् । गत शनिवारदेखि बालकलाई १०४ डिग्रीको ज्वरो आएको थियो ।

आइतवार, सोमवार वीरगंज तथा रक्सौलका विभिन्न अस्पताल लैजाँदा पनि चिकित्सकले भर्ना गरी उपचार गर्न मानेका थिएनन् ।

रेबिजको सङ्क्रमण अत्यधिक बढेको कारण वीरगंजमा उपचार सम्भव नभएर काठमाडौं लैजान चिकित्सकले सुझाए ।

मङ्गलवार साँझ परिवारजनले एम्बुलेन्सले काठमाडौं लैजाँदा एक निजी अस्पतालमा राखेर उपचार भइरहेको बालकका ठूलो बुवा अशोक पटेल बताउँछन् । त्यसपछि नाबालकको निधन भएको थियो । गएराति नै बालकको अन्त्यष्टि गरिएको थियो ।